Co-funded by the European Union

SUOMI
FINLAND


LOCAL ADAPTATION
TO CLIMATE CHANGE
LACC PROJECT

# जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

# सामुदायिक खरिद कार्यविधि

असोज २०८२

(अनुसूची-२ परियोजना कार्यान्वयन निर्देशिका, २०८२)



Cowater
International

**परियोजनाको नाम :** जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजना

**परियोजनाको अवधि :** डिसेम्बर २०२४ देखि नोभेम्बर २०२९

**दस्तावेजको नामः** सामुदायीक खरिद कार्यविधि (परियोजना कार्यान्वयन निर्देशिकाको सहायक दस्तावेज)

**सुपरीवेक्षण समितिबाट निर्णय भएको मितिः** १० असोज २०८२

**तयार गर्नेः** जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना, परियोजना सहयोग एकाई वीरेन्द्रनगर, सुर्खेत

**लक्षित प्रयोगकर्ताः** परियोजना अन्तर्गत सञ्चालित निर्माण योजनाका उपभोक्ता समिति, खरिद समिति, स्थानीय तह परियोजना कार्यान्वयन गर्ने एकाईका कर्मचारी, परियोजनाका कर्मचारी, योजनामा प्रयोग हुने बाह्य सामग्री सप्लायर, स्थानीय तहका कार्यपालिका का कार्यालय तथा परियोजनासंग सम्बन्धित अन्य सबै साझेदारहरु ।

**वितरणः** सार्वजनिक

यो प्रकाशन युरोपेली संघको सह-लगानीमा प्रकाशन गरिएको हो। यस सामग्री जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको एकल जिम्मेवारी हो र यसले युरोपेली संघको विचारलाई प्रतिबिम्बित गर्दैन।

यो कार्यविधि जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजनाको परियोजना दस्तावेजमा उल्लेखित प्रावधानहरू बमोजिम ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको "बाह्य सामग्री खरिद म्यान्युअल (मिति ५ मार्च २०१८)" बाट अद्यावधिक गरिएको छ ।

जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको **परियोजना दस्तावेजको दफा ५.३ बमोजिम,**

"जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना अन्तर्गत सञ्चालन हुने सबै खाले पूर्वाधार विकास योजनाका खरिद कार्यहरु, समुदायका उपभोक्ताहरु प्रति जवाफदेही हुने कार्यान्वयनको सबै भन्दा तल्लो तह उपभोक्ता समितिले पारदर्शी रूपमा गर्नेछ।स्थानीय तहको प्राकृतिक स्रोत विकास कोषबाट योजनाको रकम उपभोक्ता समितिको खातामा पठाइनेछ र उपभोक्ता समितिले बाह्य निर्माण तथा उपकरण सामग्रीहरु खरिद, स्थानीय सामग्री सङ्कलन, निर्माण गतिविधिहरूको कार्यान्वयन तथा सुपरिवेक्षण गर्नेछन्। उपभोक्ता समितिले खरिद गर्दा अपनाउनु पर्ने प्रकृया पारदर्शी, सहज र सरल रुपमा गर्न ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको उपभोक्ता समिति मार्फत गरिएको सामुदायिक खरिद प्रक्रियाको अभ्यासलाइ यस जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनामा पनि लागु गरिनेछ । यस परियोजना अन्तर्गत पुँजिगत लगानीमा हुने योजनाहरुको खरिद उपभोक्ता समितिले मात्र गर्नेछ। सामुदाय स्तरमा गरिने सार्वजनिक लेखापरीक्षण पारदर्शिता र जवाफदेहिताका लागि गरिने बिधि तथा औजान मध्ये एक प्रमुख बिधि हो।"

यसै मार्गदर्शनलाइ अनुसरण गर्दै, यो कार्यविधि सोहि अनुसार अद्यावधिक गरी कार्यान्वयन गरिएको छ। जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाका सबै प्रकारका पुँजिगत बजेट लगानीका योजनाहरूमा प्रयोग हुने निर्माण सामग्रीहरूको खरिद कार्यकालागि यो कार्यविधिको पालना अनिवार्य छ। सबै उपभोक्ता समिति, स्थानीय तह परियोजना कार्यान्वयन गर्ने एकाईका कर्मचारी, स्थानीय सरकार, वडा कार्यालय र अन्य सरोकारवालाहरूले यो सामुदायीक खरिद कार्यविधिको पालना गर्नुपर्नेछ।

© जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई

यस कार्यविधिलाई थप प्रभावकारी बनाउनको लागि कुनै सुझाव सल्लाह भएमा LACCProject@laccp.org.np मा इमेल मार्फत वा परियोजना सहयोग एकाई कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा पत्र मार्फत पठाउन सकिनेछ ।

# विषयसूची

विषयसूची ........ ४

यस कार्यविधिमा प्रयोग भएका केहि महत्वपूर्ण शव्दावलीका परिभाषा ........ ५

१ पृष्ठभूमी र औचित्य ........ १

२ परियोजना अन्तर्गत उपभोक्ता समितिले गर्ने खरिदका सिद्धान्तहरु ........ २

२.१ गुणस्तर सुनिश्चितता ........ २

२.२ पारदर्शिता तथा सहभागिता ........ ३

२.३ प्रतिस्पर्धात्मकता तथा लागत-प्रभावकारिता ........ ३

२.४ क्षमता विकास ........ ४

३ उपभोक्ता समितिद्वारा निर्माण सामग्री खरिद ........ ५

४ सिलबन्दी दरभाउपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने चरणवद्ध प्रक्रिया ........ ८

४.१ उपभोक्ताहरूको आमभेलाबाट खरिद समिति गठन ........ ८

४.२ उपभोक्ता समिति व्यवस्थापन तालिम ........ १०

४.३ सामग्री खरिदको सूचना प्रकाशन ........ ११

४.४ दरभाउपत्र वितरण तथा संकलन ........ १२

४.५ दरभाउपत्र मूल्याङ्कन तथा सप्लायर छनौट ........ १३

४.६ खरिद सम्झौता ........ १४

४.७ सामग्री आपूर्ति तथा भुक्तानी ........ १५

५ बोलपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने प्रकृया ........ १५

अनुसूची १. उपभोक्ता समिति खरिद तथा आर्थिक व्यवस्थापन अभिमुखीकरण ........ १

अनुसूची २. उपभोक्ता समिति व्यवस्थापन तालिमको विषयवस्तु ........ ३

अनुसूची ३. उपभोक्ता समितिहरुले पत्रिकामा प्रकाशित गर्ने सूचनाको नमूना ........ ६

अनुसूची ४. दरभाउपत्र फारमको नमूना ........ ८

अनुसूची ५. दरभाउपत्र तुलनात्मक तालिकाको नमूना ........ ११

अनुसूची ६. दरभाउपत्र स्वीकृत भएको सूचनाको नमुना ........ १३

अनुसूची ७. सप्लायर र उपभोक्ता समिति बीच गरिने सम्झौता पत्रको नमूना ........ १४

अनुसूची ८. उपभोक्ता समितिले दिने कार्यदिशको नमूना ........ १७

अनुसूची ९. उपभोक्ता समितिले सामग्री बुझ्ने फारमको नमूना *(गुणस्तर र परिमाण रुजु समेत)*.............१८
अनुसूची १०. आपुर्तिकर्ताले दरभाउपत्र पेश गर्दा पेश गर्नुपर्ने स्वघोषणा-पत्रको नमुना..........................१९
उपभोक्ता समितिले ध्यान दिईराखु पर्ने कुराहरू:................................................................२०

## यस कार्यविधिमा प्रयोग भएका केहि महत्वपूर्ण शव्दावलीका परिभाषा

(क) **"योजना"** भन्नाले परियोजना मातहत निश्चित भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको खानेपानी तथा सरसफाइ, सिँचाइ, संस्थागत शौचालय, सुधारिएको चुल्हो तथा पानी घट्ट, कृषिबन, संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापनका पुर्वाधार विकास तथा निर्माणका क्रियाकलापहरुलाई सम्झनु पर्छ ।

(ख) **"उपभोक्ता समिति"** भन्नाले सामुहिक हितका लागि संस्थागत रुपमा प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले परियोजना अन्तर्गतका सबै प्रकारका योजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरी सम्बन्धित निकायमा दर्ता भएको बैधानिक समिति सम्झनु पर्छ ।

(ग) **"परियोजना"** भन्नाले स्थानीत तह अन्तर्गत कार्यान्वयनमा रहेको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनालाई सम्झनुपर्दछ । यसले परियोजनाको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा स्थापना गरिएको परियोजना समन्वय एकाई, प्राविधिक सहायता टोलीको परियोजना सहयोग एकाई, कर्णाली र सुदुरपश्चिम प्रदेशका सम्बन्धित प्रदेश मन्त्रालय अन्तर्गतका परियोजना समन्वय कार्यालय र क्लष्टर स्तरमा स्थापित प्राविधिक सहयोग एकाई लाई समेत जनाउँछ ।

(घ) **"आमभेला"** भन्नाले परियोजनाको निर्देशिका वमोजिम लाभान्वित उपभोक्ता घरधुरीको कम्तिमा ७५% घरहरुवाट प्रतिनिधित्व भएको र उपस्थित कुल संख्याको कम्तिमा ५०% महिला एवम् सवै क्षेत्र तथा जातीय समुदायको समानुपातिक प्रतिनिधित्व भएको भेला भन्ने बुझ्नुपर्दछ ।

(ङ) **"स्थानिय तह परियोजना कार्यान्वयन गर्ने एकाईका कर्मचारी"** भन्नाले परियोजना कार्यान्वयनको लागि स्थानीय तहले परियोजनाको लागि पूर्णकालिन रुपमा खटाएका सम्बन्धित कार्यपालिकाको कार्यालयका कर्मचारीहरु वा स्थानीय तहले कार्यसम्पादनमा आधारित करार सेवामा परियोजना प्रयोजनको लागि नियुक्त गरेका स्थानीय तह परियोजना कार्यान्वयन गर्ने एकाई कर्मचारीहरू भन्ने सम्झनु पर्दछ ।

(च) **"सार्वजनिक परीक्षण"** भन्नाले परियोजनाको चरणवद्ध कार्यविधिमा उल्लेख भएको सार्वजनिक लेखापरीक्षण गर्ने विधि बमोजिम उपभोक्ता समितिले सञ्चालन गर्ने योजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा आमभेला मार्फत उपभोक्ता र सरोकारवालाहरू वीच जानकारी गराउने, लेखाजोखा गर्ने, मूल्याङ्कन गर्ने र पृष्ठपोषण गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(छ) **"बाह्य निर्माण सामग्री"** भन्नाले योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यक पर्ने त्यस्ता निर्माण सामग्री, औजार तथा उपकरणहरू सम्झनु पर्छ, जुन स्थानीय समुदायमा उपलब्ध नहुने तथा बाह्य बजारबाट खरिद वा व्यवस्थापन गर्नुपर्ने हुन्छ; जस्तै सिमेन्ट, पाइप, आर.सी.सी. डण्डी लगायतका सामग्रीहरू ।

(ज) **"खुला दरभाउपत्र"** भन्नाले उपभोक्ता-खरिद समितिले निर्माण सामग्रीको दररेट उपलब्ध गराउनको लागि ईच्छुक सप्लायर, फर्म, कम्पनीलाई उपलब्ध गराउने दरभाउपत्रमा निज सप्लायर, फर्म, कम्पनीले मूल्य उल्लेख गरी खामबन्दी रुपमा पेश गरेको विवरण सम्झनु पर्छ ।

(झ) **"सिलबन्दी दरभाउपत्र"** भन्नाले उपभोक्ता समितिको खरिद सूचना बमोजिम निर्माण सामग्री उपलब्ध गराउनको लागि ईच्छुक सप्लायर, फर्म, कम्पनीले सिलबन्दी (लाहाछाप लगाइएको) खाम भित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्छ ।

(ञ) **"खरिद"** भन्नाले उपभोक्ता समितिले योजनाको लागि निर्माण सामग्री आपूर्ति गर्ने वा खरिद गर्ने कार्य सम्झनु पर्छ ।

(ट) **"परियोजना व्यवस्थापन समिति"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सञ्चालन कार्यविधि, २०८२ तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच सम्पन्न समझदारीपत्र बमोजिम स्थानीय तहमा परियोजनाका नियमित गतिविधिहरू व्यवस्थापन गर्न तथा कार्यान्वयन सम्बन्धी निर्णय गर्न गठित समितिलाई जनाउँदछ

# १ पृष्ठभूमी र औचित्य

जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजना नेपाल सरकार, युरोपियन युनियन तथा फिनल्याण्ड सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन भइरहेको परियोजना हो । यो परियोजना फिनल्याण्ड सरकारले सन् १९८९ देखि नेपालमा जलस्रोत तथा खानेपानी क्षेत्रमा प्रदान गर्दै आएको वित्तीय तथा प्राविधिक सहयोगको निरन्तरताको रूपमा रहेको छ । साथै, युरोपियन युनियनले सन् २०१७ नोभेम्बरदेखि फिनल्याण्डको परराष्ट्र मन्त्रालयमार्फत प्रतिनिधिमूलक व्यवस्थापन प्रणाली अन्तर्गत परियोजनामा वित्तीय सहयोग प्रदान गर्दै आएको छ । यो परियोजना नेपाल सरकार, फिनल्याण्ड सरकार तथा युरोपियन युनियनको संयुक्त लगानीमा सञ्चालन भइरहेको छ, जसमा स्थानीय सरकार, समुदाय तथा उपभोक्ताको पनि लागत साझेदारी हुने व्यवस्था गरिनुको साथै विशेषगरी खानेपानी आयोजना, सिँचाइ आयोजना, बहुउपयोगी योजना (MUS), जीविकोपार्जन, वन तथा वातावरण संरक्षण सम्बन्धी गतिविधिहरूको कार्यान्वयनका लागि सम्बन्धित प्रदेश मन्त्रालयहरूबाट समेत सहलगानी प्राप्त हुने अपेक्षा गरिएको छ ।

परियोजनाको प्रभाव कथन (Impact Statement) "सुदूरपश्चिम र कर्णाली प्रदेशका जनता, उनीहरूको जीविकोपार्जन तथा जीविकोपार्जन अवस्थाहरू जलवायु परिवर्तनका प्रभावप्रति थप उत्थानशील भएका हुनेछन् र उनीहरूले प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्नेछन्" रहेको छ भने परियोजनाको नतिजा कथन (Outcome Statement), "सुदूरपश्चिम र कर्णाली प्रदेशका परियोजना लागु भएका स्थानीय तह तथा समुदायले समाजका सबै वर्गको समान सहभागितासहित दिगो प्राकृतिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जनका लागि जलवायु उत्थानशील र समावेशी अभ्यासहरू अवलम्बन गर्नेछन्" भन्ने रहेकोछ । परियोजनाको अपेक्षित नतिजा हासिल गर्न तीनवटा मुख्य नतिजा क्षेत्र तथा पाँचवटा अन्तरसम्बन्धित विषयगत प्राथमिकताहरू (Cross-cutting objectives) लाई मूलप्रवाहीकरण गरिएको छ । ती प्राथमिकताहरूमा लैङ्गिक समानता, अपाङ्गता समावेशीकरणमा विशेष जोडसहित भेदभावरहित सहभागिता, जलवायु उत्थानशीलता, न्यून कार्बन उत्सर्जनयुक्त विकास तथा जैविक विविधता संरक्षणमा विशेष जोडसहित वातावरण संरक्षण समावेश रहेका छन् ।

परियोजनाको उद्देश्य हासिल गर्न दुई प्रदेशका परियोजना कार्यान्वयन भएका स्थानीय तहमा विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरिनेछन् । यस्ता योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने सबै बाह्य निर्माण सामग्रीको खरिद, संकलन, ढुवानी, भण्डारण तथा उपयोगका साथै आवश्यक दक्ष, अर्धदक्ष तथा अदक्ष श्रमिकको व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी उपभोक्ता समितिको हुनेछ । स्थानीय तहका परियोजना कार्यान्वयन गर्ने एकाई तथा परियोजना कर्मचारीले आवश्यक कागजात तयारी, प्राविधिक सहजीकरण तथा खरिद गरिएका सामग्रीको गुणस्तर सुनिश्चित गर्न सहयोगी भूमिका मात्र निर्वाह गर्नेछन् ।

**परियोजना दस्तावेजको दफा ५.३** (नेपाल सरकार र फिनल्याण्ड सरकारबीच सम्पन्न द्विपक्षीय सम्झौताको अनुसूची) अनुसार, "मुख्य खरिद कार्यहरू पारदर्शी ढङ्गले सबैभन्दा तल्लो उपयुक्त तह अर्थात् सम्बन्धित उपभोक्ता समूहप्रति जवाफदेही उपभोक्ता समितिस्तरबाट गरिनेछन् । प्राकृतिक स्रोत विकास कोषबाट प्राप्त रकम उपभोक्ता समितिको खातामा प्रवाह गरिनेछ र निर्माण सामग्री तथा उपकरण खरिद, स्थानीय सामग्री संकलन, निर्माण कार्यको सुपरिवेक्षण लगायतका कार्य उपभोक्ता समितिले नै गर्नेछन् । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनामा अवलम्बन गरिएको सामुदायिक खरिद मोडेल यस परियोजनामा पनि लागू गरिनेछ, जसअनुसार योजनासम्बन्धी

सम्पूर्ण खरिद कार्य उपभोक्ता समितिबाट मात्र गरिनेछ । सामुदायिक तहमा गरिने सार्वजनिक परीक्षण पारदर्शिता तथा जवाफदेहिताका प्रमुख माध्यममध्ये एक हुनेछ । ” भनी उल्लेख गरिएको छ । उक्त व्यवस्था कार्यान्वयन गर्नका लागि सबै खरिद प्रक्रिया यस सामुदायिक खरिद कार्यविधि बमोजिम सञ्चालन गर्नुपर्नेछ । साथै, नेपाल सरकारको **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(ख)** मा नेपाल सरकार र विकास साझेदारबीच सम्पन्न सम्झौताअनुसार दातृ पक्षको खरिद निर्देशिका बमोजिम खरिद गर्नुपर्ने अवस्थामा सार्वजनिक खरिद ऐनबमोजिमका नियमित खरिद प्रक्रिया अनिवार्य रूपमा लागू नहुने व्यवस्था गरिएको छ । तसर्थ, नेपाल सरकार र फिनल्याण्ड सरकारबीच सम्पन्न सम्झौताको मर्म तथा परियोजना दस्तावेजअनुरूप तयार गरिएको यस सामुदायिक खरिद कार्यविधि अवलम्बन गर्नुपर्नेछ ।

यसअनुसार, जुनसुकै लागत, परिमाण वा प्रकृतिका योजना तथा कार्यक्रममा खरिद गर्दा पारदर्शिता, गुणस्तर, प्रतिस्पर्धा, सहभागिता तथा लागत-मितव्ययिताका सिद्धान्तहरू अनिवार्य रूपमा अवलम्बन गर्नुपर्नेछ । यी सिद्धान्तहरू परियोजना कार्यान्वयन निर्देशिका (सेप्टेम्बर २०२५) मा समेत उल्लेख गरिएको छ । उपभोक्ता समितिबाट गरिने खरिद कार्यमा **सार्वजनिक खरिद ऐन, २०६३, सो अन्तर्गत बनेका नियमावली** वा **खरिदका समयमा प्रचलित अन्य ऐन, नियम तथा नियमावली** र **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** का प्रावधानहरू आवश्यकतानुसार प्रयोग गर्न सकिनेछ । तर परियोजना कार्यविधि तथा द्विपक्षीय सम्झौताका प्रावधानहरूले प्राथमिकता पाउँनुपर्ने अवस्थामा सोही व्यवस्था लागू हुनेछ र सार्वजनिक खरिद सम्बन्धी सामान्य प्रावधानहरू अनिवार्य रूपमा लागू हुने छैनन् । यही उद्देश्यका लागि सम्बन्धित सबै पक्षको प्रयोग तथा सहजीकरणका निम्ति यो **जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सामुदायीक खरिद कार्यविधि ,२०८२** तयार गरिएको हो ।

# २ परियोजना अन्तर्गत उपभोक्ता समितिले गर्ने खरिदका सिद्धान्तहरु

## २.१ गुणस्तर सुनिश्चितता

परियोजनाको सहयोगमा निर्माण गरिने योजनाहरूले आफ्नो डिजाइन अवधिभर पूर्ण रूपमा सञ्चालनयोग्य अवस्था कायम राख्न सक्नुपर्दछ । तोकिएका मापदण्ड तथा प्राविधिक विशिष्टीकरण (स्पेसिफिकेसन) अनुसार निर्माण गरिएका योजनाहरू मात्र दिगो हुन सक्छन् । त्यसैले योजनाको दिगोपना सुनिश्चित गर्न निर्माण सामग्री तथा निर्माण कार्य दुवै गुणस्तरीय हुनु आवश्यक छ ।यस परियोजना अन्तर्गत खरिद गरिने सबै सामग्री तोकिएको प्राविधिक मापदण्ड अनुरूप हुनुपर्नेछ ।

परियोजनाअन्तर्गत प्रयोग गरिने सबै गैर-स्थानीय निर्माण सामग्रीमा नेपाल गुणस्तर चिन्ह (NS), भारतीय गुणस्तर चिन्ह (ISI), बेलायती गुणस्तर चिन्ह (BSI) वा सो सरहको मान्यता प्राप्त गुणस्तर प्रमाणीकरण भएको हुनुपर्नेछ । यदि कुनै सामग्री तोकिएको गुणस्तर मापदण्ड अनुरूप नभएको पाइएमा त्यस्तो सामग्री योजनामा प्रयोग गर्न पाइनेछैन । कुनै कारणवश न्यून गुणस्तरको सामग्री योजनास्थलसम्म ढुवानी भइसकेको अवस्थामा त्यस्तो सामग्री तत्काल फिर्ता गरी सोको सट्टा गुणस्तरीय सामग्री उपलब्ध गराउनुपर्नेछ ।यदि उपभोक्ता समितिले त्यस्तो न्यून गुणस्तरको सामग्री फिर्ता नगरी प्रयोग गरेमा, वा निर्माण सम्पन्न भएपछि मात्र त्यस्तो सामग्री प्रयोग भएको तथ्य जानकारीमा आएमा, उक्त सामग्रीको मूल्य अन्तिम नापीमा समावेश गरिने छैन तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सो बापतको भुक्तानीसमेत गरिने छैन ।

## २.२ पारदर्शिता तथा सहभागिता

योजना निर्माणसँग सम्बन्धित सबै अभिलेख, आय-व्यय तथा निर्णय प्रक्रिया पारदर्शी हुनुपर्दछ । योजनाको दिगोपना सुनिश्चित गर्न पारदर्शिता अत्यन्त आवश्यक मानिन्छ । त्यसैले निर्माण सामग्री खरिद गर्नुपूर्व सामग्रीको परिमाण, आवश्यक गुणस्तर तथा अनुमानित लागतबारे उपभोक्तालाई आमभेलामार्फत विस्तृत जानकारी गराउनुपर्दछ । निर्माण सामग्रीको गुणस्तर तथा परिमाण सम्बन्धी जानकारी तयारी चरणको अन्त्यमा सामुदायिक कार्ययोजना तयार गर्ने क्रममा लाभग्राहीहरूलाई उपलब्ध गराउनुपर्नेछ ।योजनाको कार्यान्वयन अवधिभर कम्तीमा तीन पटक सार्वजनिक परीक्षण सञ्चालन गर्नुपर्दछ । सार्वजनिक परीक्षणका क्रममा उपभोक्ता समितिले योजनाको प्रगति तथा आय-व्ययको विस्तृत विवरण प्रस्तुत गरी उपभोक्ता भेलाबाट अनुमोदन गराउनुपर्नेछ । योजनासँग सम्बन्धित कुनै पनि आर्थिक कारोबारको निर्णय उपभोक्ता समितिका कुनै एक पदाधिकारीले एकल रूपमा गर्न पाउनेछैन । यस्ता सबै निर्णयहरू समितिको औपचारिक बैठकबाट लिखित तथा हस्ताक्षरित निर्णयसहित गरिनुपर्दछ । परियोजना अन्तर्गत सञ्चालन हुने प्रत्येक आमभेलामा लाभग्राही घरधुरीमध्ये कम्तीमा ७५ प्रतिशत घरधुरीको प्रतिनिधित्व भएको हुनुपर्नेछ । साथै, उक्त भेलामा कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको हुनुपर्दछ । योजनाबाट लाभान्वित सबै टोल तथा वडाको प्रतिनिधित्व हुनुका साथै सबै जातीय तथा सामाजिक समूहको समानुपातिक सहभागिता सुनिश्चित गरिनुपर्दछ । यदि पहिलो पटक बोलाइएको आमभेलामा आवश्यक प्रतिनिधित्व तथा सहभागिता पूरा नभएमा उक्त भेला स्थगित गरी पुनः अर्को भेला आह्वान गर्नुपर्नेछ ।

निर्माण सामग्री खरिद तथा ढुवानी सम्पन्न भएपछि खरिद समितिले तत्काल आमभेला आयोजना गरी खरिद गरिएका सामग्री तथा त्यसमा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्दछ । प्रत्येक खरिद तथा आय-व्यय विवरण सार्वजनिक परीक्षणमार्फत अनुमोदन गरिनुपर्दछ । योजना क्षेत्रको स्थानीय तह तथा परियोजना प्रतिनिधिबाट संयुक्त रूपमा अनुगमन नगरी प्राकृतिक स्रोत विकास कोष (NRDF) बाट कुनै पनि किस्ताको भुक्तानी गरिने छैन ।

परियोजनाले फिनल्याण्ड सरकारद्वारा विकासकर्मीहरूका लागि तयार गरिएको **"भ्रष्टाचार विरुद्धको हातेपुस्तिका, २०१२"** मा उल्लेखित भ्रष्टाचार नियन्त्रण सम्बन्धी प्रावधानहरूलाई कडाइका साथ पालना गर्नेछ । यस परियोजनाअन्तर्गत सञ्चालन हुने सबै आर्थिक तथा प्रशासनिक कारोबार भ्रष्टाचारप्रति शून्य सहनशीलताको सिद्धान्तअनुरूप सञ्चालन गरिनेछन् । यदि कुनै व्यक्ति, समूह वा निकाय यस्ता गतिविधिमा संलग्न भएको तथ्य कुनै पनि स्रोतबाट जानकारीमा आएमा उपलब्ध प्रमाणका आधारमा तत्काल आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ ।

## २.३ प्रतिस्पर्धात्मकता तथा लागत-प्रभावकारिता

निर्माण सामग्री खरिद गर्दा निर्धारित योग्यता पूरा गरेका सबै इच्छुक उत्पादक वा आपूर्तिकर्ताहरूलाई प्रतिस्पर्धा गर्ने अवसर प्रदान गरिनुपर्छ । त्यसैले मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएका, कर चुक्ता गरेका तथा तोकिएको समयमा आवश्यक सामग्री आपूर्ति गर्न सक्षम सबै योग्य आपूर्तिकर्ताहरूले प्रतिस्पर्धामा सहभागी हुन सकून् भन्ने उद्देश्यले खरिद सम्बन्धी सूचना सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्दछ ।यस्ता सूचनाहरू स्थानीय/क्षेत्रीय पत्रपत्रिका, रोजगार वा अनलाइन पोर्टल, परियोजनाको वेबसाइट (www.laccp.org.np), सम्बन्धित स्थानीय सरकारका आधिकारिक वेबसाइटहरू तथा सार्वजनिक सरोकारका कार्यालयहरूमा प्रकाशन

तथा प्रदर्शन गरिनुपर्दछ । खरिद सम्बन्धी सूचना परियोजनाको वेबसाइट र सम्बन्धित स्थानीय तहको वेबसाइटमा अनिवार्य रूपमा प्रकाशन गर्नुपर्दछ । यसरी व्यापक प्रतिस्पर्धा सुनिश्चित हुँदा कम लागतमा गुणस्तरीय सामग्री तथा सेवा प्राप्त गर्न सहयोग पुग्छ । परिणामस्वरूप बचत भएको रकम स्थानीय तहमा थप योजना वा कार्यक्रम सञ्चालन गर्न उपयोग गर्न सकिन्छ ।

यसका अतिरिक्त, योजनास्तरमा गरिने सम्पूर्ण खर्चहरू लागत-मितव्ययी ढंगले व्यवस्थापन गरिनुपर्दछ । ढुवानी कार्यका लागि भरिया, खच्चर वा अन्य सवारीसाधन प्रयोग गर्दा समेत प्रतिस्पर्धात्मक तथा कम लागतमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ । दक्ष तथा अदक्ष श्रमिकहरूको ज्याला निर्धारण गर्दा पनि मितव्ययिता कायम गर्नुपर्दछ । यदि लागत न्यून गरी बचत गर्न सकिएमा उक्त बचत रकम योजनाको मर्मत तथा सम्भार कोषमा जम्मा गर्न सकिन्छ । यस सम्बन्धमा स्थानीय तह परियोजना कार्यान्वयन गर्ने एकाईका तोकिएका कर्मचारीहरूले उपभोक्ता समितिलाई नियमित रूपमा सहजीकरण तथा सहयोग गर्नुपर्दछ ।

## २.४ क्षमता विकास

परियोजनाको प्रमुख उद्देश्यहरूमध्ये उपभोक्ता तथा स्थानीय तहहरूको क्षमता अभिवृद्धि गर्नु पनि एक हो ।यस उद्देश्य प्राप्तिका लागि परियोजनाले विभिन्न तहमा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दछ ।

उपभोक्ता समिति मार्फत खरिद प्रक्रिया सञ्चालन गर्ने क्रममा समितिका सदस्यहरूलाई खरिद प्रक्रिया, वित्तीय तथा लेखा व्यवस्थापन, गुणस्तर नियन्त्रण तथा अन्य व्यवस्थापकीय पक्षहरू सम्बन्धी तालिम प्रदान गरिन्छ । यस्ता कार्यक्रममार्फत उपभोक्ताहरू थप सचेत, सक्षम तथा सशक्त बन्ने अपेक्षा गरिएको छ । उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा खरिद तथा कार्यान्वयन प्रक्रिया अघि बढ्दा योजना तर्जुमा, व्यवस्थापन, सञ्चालन तथा मर्मतसम्भार सम्बन्धी उनीहरूको क्षमता उल्लेखनीय रूपमा अभिवृद्धि हुन्छ, जसले योजनाको दिगोपनामा सकारात्मक प्रभाव पार्दछ ।

यसका साथै समुदाय स्वयंको सहभागितामा निर्माण गरिएका पूर्वाधारप्रति अपनत्वको भावना वृद्धि हुने तथा दीर्घकालीन रूपमा मर्मतसम्भार र संरक्षणमा समुदायको सक्रियता बढ्ने अपेक्षा गरिएको छ ।उपभोक्ता समितिलाई सहजीकरण गर्ने कार्यमा संलग्न स्थानीय तह तथा परियोजना कार्यान्वयन एकाइका कर्मचारीहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मर्मत तथा सम्भार सम्बन्धी सीप र क्षमता पनि अभिवृद्धि हुने अपेक्षा गरिएको छ । यसबाट भविष्यमा यस्तै प्रकारका विकास निर्माण कार्यक्रमहरूको प्रभावकारी सहजीकरणका लागि दक्ष जनशक्ति विकास गर्न सहयोग पुग्नेछ । साथै, यी क्षमता विकास कार्यक्रमहरूबाट स्थानीय तहका प्राविधिक कर्मचारीहरू तथा अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि हुने विश्वास गरिएको छ ।

# ३ उपभोक्ता समितिद्वारा निर्माण सामग्री खरिद

## निर्माण सामग्री खरिदका लागि उपभोक्ता समितिले अवलम्बन गर्नुपर्ने प्रक्रिया

उपभोक्ता समितिले निर्माण सामग्री खरिद गर्दा तल उल्लेखित प्रक्रियामध्ये कुनै एक प्रक्रिया अवलम्बन गर्न सक्नेछ । यस्तो प्रक्रिया अपनाउने सम्बन्धमा योजनाको सामुदायिक कार्ययोजना पारित गर्न बोलाइएको आमभेलामा विस्तृत छलफल गरी निर्णय गर्नुपर्दछ । बाह्य निर्माण सामग्री खरिद (तरिका नं. २ र ३) सम्बन्धी प्रक्रिया तलको अध्यायमा व्याख्या गरिएको छ ।

**सोझै खरिद** (१)

उपभोक्ता समितिले योजना अवधिमा एक पटक रु. १,०००,००० (अक्षरेपी दश लाख मात्र) मूल्य सम्मको सामग्री सोझै खरिद गर्न सक्नेछ । रु. २०,००० (अक्षरेपी बिस हजार मात्र) भन्दा माथिको सामग्री खरिद गर्दा भ्याट बील अनिवार्य हुनुपर्नेछ । मूल खरिदमा छुट भएका सामग्रीहरु खरिद गर्नको लागि वा बाह्य सामग्रीको कुल लागत १,०००,००० सम्म भएका योजनामा मात्र यो प्रकृया अवलम्बन गर्न पाइनेछ । यस्तो खरिदमा समेत खुल्ला कोटेशन लिएर खरिद गर्नुपर्नेछ ।खरिद गर्नुपूर्व उपभोक्ता समितिको निर्णय अनिवार्य छ । सवै खर्चहरुको सार्वजनीक परिक्षण गरिएको हुनुपर्नेछ ।

**सिलबन्दी दरभाउपत्र** (२)

- पत्रिकामा समूहगत रुपमा उपभोक्ता समितिबाट राष्ट्रिय/क्षेत्रीय/स्थानीय पत्रपत्रिका, गाउँपालिका/नगरपालिका र परियोजना वेभपेजबाट खरिद सूचना प्रकाशन गर्नु पर्नेछ।
- कम्तिमा ३ वटा सप्लायरवाट सिलबन्दी दरभाउपत्र संकलन हुनुपर्नेछ ।
- उपभोक्ता समिति तथा आम भेलाको निर्णय वमोजिम कुनै पनि परिमाण र रकमको खरिद यस प्रक्रिया बमोजिम गर्न सक्नेछन ।

**सिलबन्दी बोलपत्र** (३)

उपभोक्ता समितिले आफुले निर्माण सामग्री खरिद गर्न नसक्ने भएमा आमभेलाबाट बोलपत्र मार्फतको निर्णय गराई निर्माण सामग्री खरिद कार्यमा सहयोग गरिदिन परियोजना व्यवस्थापन समितिलाई लिखित अनुरोध गर्नेछ । यस्तो अनुरोध बमोजिम परियोजना व्यवस्थापन समितिले उपभोक्ता समितिका प्रतिनिधि सहितको खरिद समिति गठन गरी बोलपत्र मार्फत निर्माण सामग्री खरिद गरी उपभोक्ता समितिलाई उपलव्ध गराउनेछ ।

चित्र १ सामान्य खरिद प्रकृयाहरु

## उपभोक्ता समितिले जुनसुकै खरिदमा अपनाउनु पर्ने सामान्य प्रकृयाहरु

खरिद प्रक्रिया सञ्चालन गर्दा उपभोक्ता, उपभोक्ता समिति तथा खरिद समितिले छनोट गरिएको खरिद विधिको प्रत्येक चरण अनिवार्य रूपमा पालना गर्नुपर्दछ । चाहे खरिद प्रक्रिया सोझै खरिद, सिलबन्दी दरभाउपत्र वा सिलबन्दी बोलपत्र मार्फत सञ्चालन गरिएको होस्, तल उल्लेखित प्रक्रियाहरू परियोजनाको क्षेत्रगत चरणबद्ध कार्यविधि म्यानुअलहरु (२०२५) अनुसार निर्देशित छन् ।

१. खरिद प्रक्रियाको रकम जतिसुकै भए पनि सम्पूर्ण चरणहरूमा पारदर्शिता कायम गर्नुपर्दछ । साथै, सम्पूर्ण कामकार्यवाही तथा बैठकका निर्णयहरूको अभिलेख सही, व्यवस्थित र अद्यावधिक रूपमा सुरक्षित राख्नुपर्दछ ।
२. योजनाका लागि आवश्यक निर्माण सामग्री खरिद गर्न उपभोक्ताको आमभेलाबाट कम्तीमा एक जना महिला सदस्य सहित तीन सदस्यीय खरिद समिति गठन गर्नुपर्दछ । उक्त समितिमा दुई जना उपभोक्ता समितिबाट तथा एक जना आम उपभोक्तामध्येबाट चयन गर्नुपर्दछ । सोही आमभेलाबाट ती तीन सदस्यहरूमध्ये एक जनालाई खरिद समितिको संयोजक तोक्नुपर्दछ । साथै, आमभेलाले खरिद विधि (सोझै खरिद, प्रतिस्पर्धात्मक दरभाउपत्र वा बोलपत्र) सम्बन्धी निर्णय अनिवार्य रूपमा गर्नुपर्दछ ।
३. उपभोक्ता समिति तथा खरिद समितिले कुनै पनि निर्माण सामग्री खरिद प्रक्रिया प्रारम्भ गर्नुभन्दा अघि सम्वन्धित स्थानीय तहको परियोजना कार्यान्वयन गर्ने एकाईबाट खरिद प्रक्रिया सम्बन्धी अनिवार्य तालिम प्राप्त गरेको हुनुपर्दछ । उक्त तालिममा परियोजना कार्यान्वयन निर्देशिका (२०८२), स्थानीय सरकार सञ्चालन ऐन (२०७४), सार्वजनिक खरिद ऐन (२०६३) तथा सार्वजनिक खरिद नियमावली, (२०६४) वा खरिद प्रक्रियाको समयमा प्रचलित सम्बन्धित ऐन तथा नियमावलीका प्रावधानहरूका साथै परियोजनाको यस सामुदायिक खरिद कार्यविधि (२०८२) का विषयहरू स्पष्ट रूपमा समेटिनुपर्दछ । साथै, परियोजनाको "निर्माण सामग्रीको गुणस्तर तथा स्पेसिफिकेशन हातेपुस्तिका (२०२५)" मा उल्लेखित निर्माण सामग्रीको गुणस्तर मापदण्ड तथा स्पेसिफिकेशन, साथै लेखा अभिलेख व्यवस्थापन तथा वित्तीय व्यवस्थापन सम्बन्धी विषयहरू समेत तालिममा समावेश गरिनुपर्दछ ।
४. स्थानीय तहका कार्यपालिकाको कार्यालय र परियोजना कार्यान्वयन गर्ने एकाईबाट खटाइएका प्राविधिक कर्मचारीले प्राविधिक सहायता- टोलीको प्राविधिक अधिकृतको सहयोगमा योजनाको डिजाइन तथा लागत अनुमान अनुसार आवश्यक निर्माण सामग्रीको प्राविधिक स्पेसिफिकेशन तथा गुणस्तर मापदण्ड सहितको विस्तृत दरभाउपत्र तयार गर्नुपर्दछ
५. उपभोक्ता समितिका अध्यक्ष वा खरिद समितिका संयोजकले दरभाउपत्र सम्बन्धी कागजात बिक्री तथा वितरण गर्नुभन्दा अघि प्रत्येक पृष्ठमा हस्ताक्षर गर्नुपर्दछ तथा समितिको आधिकारिक छाप लगाउनुपर्दछ ।
६. निर्माण सामग्री ढुवानी भएपछि उपभोक्ता समितिले प्राप्त गरेको बिल तथा सामग्री विवरणको आधारमा प्राप्त भएको मितिका समेत राखेर सामग्री अभिलेख राख्नुपर्दछ । खर्च भएर जाने सामग्रीहरू खर्च भएर जाने जिन्सी खाता रजिस्टरमा तथा खर्च भएर नजाने सामग्रीहरूको अभिलेख खर्च भएर नजाने सामग्रीहरू जिन्सी खाता रजिस्टरमा प्रविष्ट गर्नुपर्दछ । सामग्रीको गुणस्तर रोडहेड बिन्दुमा नै

चेकजाँच तथा प्रमाणीकरण गर्नुपर्दछ । यसको प्रतिवेदन स्थानीय तहको परियोजना कार्यान्वयन गर्ने एकाईमा पेश भएपछि मात्र उपभोक्ता समितिले आफूले बुझेको सामग्रीको आधारमा आपुर्तिकर्ता (सप्लायर) लाई पहिलो किस्ता भुक्तानी प्रक्रिया सुरु गर्नु पर्दछ।


७. आपूर्तिकर्तालाई गरिने सम्पूर्ण भुक्तानी "एकाउन्ट पेयी (A/C Payee)" चेक मार्फत मात्र गर्नुपर्दछ।

८. कुनै आपूर्तिकर्ताले समयमा सामग्री आपूर्ति नगरेमा, न्यून गुणस्तरको सामग्री उपलब्ध गराएमा वा सम्झौताका शर्तहरू उल्लङ्घन गरेमा, चरणवद्द कार्यपद्दति अनुसारका अनुगमनका क्रममा अनुगमन टोलीको सिफारिसका आधारमा स्थानीय तहको परियोजना व्यवस्थापन समितिले त्यस्ता आपूर्तिकर्तालाई कालोसूचीमा राखी भविष्यमा परियोजना सम्बन्धी दरभाउपत्र तथा बोलपत्र प्रक्रियामा सहभागी हुन रोक लगाउन सक्नेछ । त्यसैगरी, मूल्याङ्कन प्रक्रियामा पहिलो नम्वरको प्राथमिकतामा छनोट भएको आपूर्तिकर्ताले आफ्नो प्रस्ताव अनुसार उपभोक्ता समितिसँग सम्झौता गर्न अस्वीकार गरेमा त्यस्तो आपूर्तिकर्तालाई समेत भविष्यका बोलपत्र प्रक्रियाका लागि कालोसूचीमा समावेश गरिनेछ । सम्बन्धित स्थानीय तहका परियोजना व्यवस्थापन समितिहरूले विभिन्न योजनाबाट प्राप्त अनुगमन टोलीको सिफारिसका आधारमा कालोसूची नियमित रूपमा अद्यावधिक गर्नेछ र परियोजना सहयोग एकाई लाई जानकारी गराउनेछ । परियोजना सहयोग एकाईले परियोजना-स्तरको अद्यावधिक कालोसूची तयार गरी प्रत्येक बोलपत्र प्रक्रिया अघि परियोजना व्यवस्थापन समितिहरूसँग साझा गर्नेछ । त्यसपछि स्थानीय तहको परियोजना व्यवस्थापन समितिको निर्देशन अनुसार स्थानिय तहको परियोजना कार्यान्वयन गर्ने एकाईले सम्बन्धित खरिद समितिलाई जानकारी गराई कालोसूचीमा परेका आपूर्तिकर्ताहरूलाई भविष्यका प्रतिस्पर्धात्मक खरिद प्रक्रियामा सहभागी हुन रोक लगाउने कुराको सुनिश्चितता गर्नेछ ।

९. यदि अनुगमन टोलीले खरिद प्रक्रियामा कोषको कुनै प्रकारको दुरुपयोग वा गैरकानुनी वित्तीय कारोबार भएको पहिचान गरेमा वा शंका गरी परियोजना व्यवस्थापन समितिलाई जानकारी गराएमा, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित बैंकलाई लिखित रूपमा उपभोक्ता समितिको बैंक खाता रोक्का गर्न निर्देशन दिन सक्नेछन् । उक्त खाता प्रमुख प्रशासकीय अधिकृतको लिखित निर्देशनपछि मात्र पुनः सञ्चालन गर्न सकिनेछ ।

## ४ सिलबन्दी दरभाउपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने चरणवद्ध प्रक्रिया

आमभेलाले बाह्य निर्माण सामग्री खरिदका लागि सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्ने निर्णय गरेको अवस्थामा यस कार्यविधिमा व्यवस्था भएका प्रत्येक चरणको सबै सरोकारवालाहरूले अनिवार्य रूपमा पालना गर्नुपर्नेछ । प्रक्रियाका सम्पूर्ण चरणहरू तलको चित्रमा प्रस्तुत गरिएको छ र प्रत्येक चरणको विस्तृत विवरण सोहीअनुसार उल्लेख गरिएको छ ।




योजनाको डिजाइन तथा लागत अनुमान तयार भएपछि उपभोक्ता समितिका सबै सदस्यहरूका लागि खरिद तथा आर्थिक व्यवस्थापन सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । उक्त अभिमुखीकरण कार्यक्रममा योजना कार्यान्वयनका क्रममा अपनाइने निर्माण सामग्री खरिद प्रक्रिया तथा अभिलेख एवं लेखा व्यवस्थापन सम्बन्धी जानकारी प्रदान गरिनेछ । अभिमुखीकरण कार्यक्रम स्थानीय तह/पालिका परियोजना कार्यान्वयन एकाइका कर्मचारीद्वारा सहजीकरण गरिनेछ । (अभिमुखीकरणको विषयवस्तुका लागि अनुसूची १ हेर्नुहोस् ।)

### ४.१ उपभोक्ताहरूको आमभेलाबाट खरिद समिति गठन

योजना तयारी चरणको अन्त्यमा उपभोक्ताहरूको आमभेलामार्फत योजनाको रेखाङ्कन, डिजाइन तथा लागत अनुमान प्रतिवेदन र सामुदायिक कार्ययोजना अनुमोदन गर्नुपर्नेछ । सोही आमभेलाबाट योजनाका लागि आवश्यक बाह्य निर्माण सामग्री खरिद गर्न देहाय बमोजिम खरिद समिति गठन गरिनेछः

- खरिद समितिमा उपभोक्ता समितिका २ (दुई) जना सदस्य र उपभोक्ता समिति बाहिरका तर योजना क्षेत्रभित्रका १ (एक) जना व्यक्ति सदस्य रहनेछन् ।

- खरिद समितिमा कम्तीमा १ (एक) जना महिला सदस्यको अनिवार्य सहभागिता हुनुपर्नेछ ।
- खरिद समितिका सबै सदस्य समुदायबाट विश्वास प्राप्त व्यक्तिहरू हुनुपर्नेछ ।
  • विगतमा आर्थिक अनियमिततामा संलग्न रहेको व्यक्तिलाई खरिद समितिमा समावेश गरिने छैन ।
  • खरिद समिति गठन सम्बन्धी निर्णय आमभेलाको माइन्युटमा उल्लेख गरी सहभागी सबैले हस्ताक्षर गर्नुपर्नेछ ।

**खरिद समितिको कार्यदिश तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः**

खरिद सम्बन्धी सिफारिस तथा निर्णय खरिद समितिबाट गरिए तापनि यसको समग्र जिम्मेवारी तथा जवाफदेहिता उपभोक्ता समितिकै हुनेछ । खरिद समितिलाई आफ्नो कार्यदिश अनुसारका कार्य सम्पन्न गर्न उपभोक्ता समितिले औपचारिक निर्णयमार्फत देहाय बमोजिमका अधिकार प्रत्यायोजन गर्नुपर्नेछः

- निर्माण सामग्रीको संयुक्त खरिदका लागि एउटै स्थानीय तहभित्रका वा भौगोलिक रूपमा मिल्दोजुल्दो क्षेत्रका उपभोक्ता समितिहरूको संयुक्त समूह गठन गर्ने । संयुक्त समूह गठन गर्दा खरिद व्यवस्थापन खर्च, पर्याप्त परिमाणका सामग्रीका कारण आपूर्तिकर्ताहरूबीच प्रतिस्पर्धा आकर्षित हुने अवस्था तथा योजनाको प्रकृति समेतलाई ध्यान दिनुपर्नेछ । समूह गठन गर्दा समान प्रकृतिका योजनाहरूलाई समावेश गर्नुपर्नेछ (जस्तैः खानेपानी योजना समूह, सिँचाइ योजना समूह, माइक्रो/आधुनिक सिँचाइ योजना समूह आदि )
- दरभाउपत्र फाराम शुल्क निर्धारण गर्ने, जुन शुल्क सप्लायरले अनिवार्यरुपमा तोकिएको बैक खातामा जम्मा गरेको हनुपर्दछ। जसको प्रमाण वा तोकिएको बैंक खातामा जम्मा भएको बैंक भौचर सिलबन्दी गरिएको कोटेशन खाम भित्र पेश गर्नु पर्ने हुन्छ।
- दरभाउपत्र आह्वानको सूचना प्रकाशित गर्ने मिति, अवधि र समयको निर्णय गर्ने ।
- सिलबन्दि दरभाउपत्र खोल्ने मिति, समय र स्थान सुनिश्चित गर्ने ।(स्थान योजना क्षेत्रको स्थानीय तह कार्यपालिकाको कार्यालय हुनु पर्दछ।)
- दरभाउपत्र आह्वानको सूचना प्रकाशित गर्ने माध्यमहरू निर्धारण गर्ने, जुन सम्बन्धित स्थानीय तह कार्यपालिकाको कार्यालयको सूचना बोर्ड र वेबसाइट साथै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबसाइट (**www.laccp.org.np**) वा क्लस्टर प्राविधिक सहयोग एकाईको सूचना बोर्ड वा परियोजना सहयोग एकाइ, सुर्खेतको सूचना बोर्ड वा अन्य अनलाइन पोर्टलहरू वा राष्ट्रिय/क्षेत्रीय/स्थानीय पत्रपत्रिकाहरू हुन् ।
- दरभाउपत्र प्रस्तावहरू बुझाउने तथा सङ्कलन गर्ने स्थानहरू निर्धारण गर्ने (जस्तै सम्बन्धित गाउँपालिका/नगरपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना क्लस्टर प्राविधिक सहयोग एकाई, परियोजना सहयोग एकाइ सुर्खेत र उपभोक्ता समितिले तोकेका अन्य स्थानहरू)।

**खानेपानी तथा सिँचाइ सोलार तथा बिद्युतिय लिफ्ट योजनाहरूको हकमा** इलेक्ट्रो-मेकानिकल सम्वन्धी बाह्य सामग्री र जडान सेवाको खरिदका लागि काठमाडौंमा रहेको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सम्पर्क कार्यालय (डी.एम.आइ.) लाई पनि बोलपत्र पेश गर्ने स्थानको रूपमा थपिनुपर्छ। काठमाडौंमा रहेको सम्पर्क कार्यालयले संकलित बोलपत्रहरू परियोजना सहयोग एकाइ सुर्खेतमा पुऱ्याउने व्यवस्था गर्नेछ।

- खरिद समितिले जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना क्लस्टर प्राविधिक सहयोग एकाई र परियोजना सहयोग एकाई सुर्खेत कार्यालयमा पेश गरिएका सिलबन्दि दरभाउपत्र प्रस्तावहरू सङ्कलन गर्ने विधि र मिति तय गर्ने र तिनीहरुको ढुवानी प्रक्रियाको जिम्मेवारी स्वयम् लिने ।
- पेश भएका सिलबन्दी दरभाउपत्रहरूमध्ये उपभोक्ता समितिको खरिद समितिले स्थानीय तहको परियोजना व्यवस्थापन समितिद्वारा कुनै सप्लायरलाई कालोसूचीमा राखिएको छ कि छैन भनेर एकिन तथा सुनिश्चित गर्नु पर्नेछ। परियोजना कार्यान्वयन भइरहेको कुनै पनि स्थानीय तहको कालोसूचीमा राखिएको कुनै पनि सप्लायरलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन, र यस्ता सिलबन्दी दरभाउपत्रका खाम खोल्नु हुँदैन।
- खोलिएका दरभाउपत्रका कागजातहरू शिर्षक ४.५ मा उल्लेख गरिए अनुसार दरभाउपत्र खोल्ने टोलीले दरभाउपत्रमा उल्लेख भएका प्रमुख कुराहरु बैठक निर्णय पुस्तिकामा मुचुल्काको रुपमा दस्तावेजीकरण गरेपछि मूल्याङ्कन टोलीलाई हस्तान्तरण गर्नेछ।
- खोलिएका सिलबन्दी दरभाउपत्रहरूको आधारमा तुलनात्मक तालिका तयार गरी तोकिएको गुणस्तरअनुसार न्यूनतम मूल्यमा सामग्री उपलब्ध गराउने आपूर्तिकर्ता वा उत्पादक छनोटका लागि उपभोक्ता समितिलाई सिफारिस गर्ने । (अन्तिम छनोट सम्बन्धी निर्णय उपभोक्ता समितिले गर्नेछ ।)
- छनोट गरिएको सप्लायरलाई सम्झौता गराई सामग्री आपूर्तिको जिम्मा दिने, प्राविधिक टोलीको सहयोगमा तोकिएको स्थानमा गुणस्तर, परीमाण अनुसारको सामग्रीहरु तथा बिल भर्पाइहरू चेक जाच गरी बुझ्ने तथा सुनिश्चित गर्ने, साथै सो सम्बन्धि विस्तृत प्रतिवेदन तयार गरी र भुक्तानीको लागि उपभोक्ता समितिलाई सिफारिस गर्ने। सामग्री बुझ्न तोकिएको (सप्लायरले ढुवानी गर्ने स्थान) स्थानबाट योजना स्थलसम्म ढुवानीको व्यवस्था गर्ने र सुरक्षित भण्डारण सुनिश्चित गर्ने । (दरभाउपत्र आह्वानको सूचनामा ढुवानी गर्ने स्थान अनिवार्य खुलाएको हुनुपर्दछ)।

निर्माण सामग्री खरिद प्रक्रियासम्बन्धी प्रगतिबारे खरिद समितिका सदस्यहरूले उपभोक्ता समितिको बैठकमा नियमित रूपमा जानकारी गराउनुपर्नेछ । साथै, खरिद कार्य सम्पन्न भएपछि विस्तृत विवरणसहितको प्रतिवेदन उपभोक्ता समितिमा पेश गरी आमभेलामार्फत सम्पूर्ण खरिद प्रक्रिया तथा खर्च विवरण अनुमोदन गराउनुपर्नेछ ।

## ४.२ उपभोक्ता समिति व्यवस्थापन तालिम

उपभोक्ता समितिका पदाधिकारीहरू (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष) तथा खरिद समितिका सदस्यहरूलाई लेखापालन, सामग्री खरिद, तथा निर्माण सामग्रीको गुणस्तर पहिचान लगायतका विषयमा सम्बन्धित स्थानीय तहको सदरमुकाम वा क्लस्टर स्तरमा तालिमको व्यवस्था गरिनेछ । उक्त तालिममा निर्माण सामग्री खरिदको विस्तृत प्रक्रिया, प्रयोग हुने फारामहरू, उपभोक्ता समितिले राख्नुपर्ने हिसाब-किताब तथा लेखा व्यवस्थापन, तथा सामग्रीको गुणस्तर पहिचान सम्बन्धी विषयहरू समावेश गरिनेछ ।

उक्त तालिम स्थानीय तहको परियोजना कार्यान्वयन एकाईद्वारा स्थानीय तहको सदरमुकाममा वा एकभन्दा बढी स्थानीय तहका उपभोक्ता समितिहरू समावेश हुने अवस्थामा पायक पर्ने उपयुक्त स्थानमा समेत सञ्चालन गर्न सकिनेछ । तालिममा लेखा अभिलेख राख्ने व्यवहारिक अभ्यास सत्रहरूका साथै गुणस्तरीय निर्माण सामग्रीहरूको नमूना प्रत्यक्ष अवलोकन समेत गराइनेछ । यस्ता तालिमहरूमा विभिन्न स्थानीय तहका उपभोक्ता समिति तथा खरिद समितिका सदस्यहरूलाई समावेश गर्न सकिनेछ ।

तालिम पश्चात् योजनाको प्रकृति, आकार तथा सम्बन्धित स्थानीय तह भित्र रहेका योजनाहरूको संख्या समेतलाई ध्यानमा राखी कम्तीमा तीन वटा योजना समेटिने गरी निर्माण सामग्री खरिदका लागि योजनाहरूको समूह गठन गरिनेछ । यस तालिमको विषयवस्तु अनुसूची २ मा उल्लेख गरिएको छ ।

हरेक उपभोक्ता समितिले निर्माण सामग्री पहिचान गर्दा परियोजनाद्वारा तयार गरिएको निर्माण **सामग्रीको गुणस्तर तथा स्पेसिफिकेशन विवरण समेटिएको हाते पुस्तिका (२०८२)** बमोजिम सामग्री पहिचान गर्नुपर्नेछ । उक्त हाते पुस्तिकामा परियोजना सम्बन्धित क्रियाकलापहरू तथा योजनाहरूमा प्रयोग हुने पाइप, फिटिङ, उपकरण, सिमेन्ट तथा अन्य निर्माण सामग्रीहरू समावेश गरिएका छन् । यो पुस्तिका यस कार्यविधिको अभिन्न अंग मानिनेछ । उपभोक्ता समिति र स्थानीय तह बीच योजना कार्यान्वयन चरणको सम्झौतामा हस्ताक्षर भएपछि प्रत्येक उपभोक्ता समितिलाई उक्त पुस्तिका उपलब्ध गराइनेछ ।

## ४.३ सामग्री खरिदको सूचना प्रकाशन

निर्माण सामग्री खरिदका लागि अनिवार्य रूपमा परियोजना तथा सम्बन्धित स्थानीय तहको वेबसाइटमा वा पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ । यस्तो सूचना अनलाइन पोर्टल, राष्ट्रिय पत्रिका वा प्रमुख बजार क्षेत्र नजिकका (जस्तै धनगढी, नेपालगन्ज, सुर्खेत आदि) वा सम्बन्धित जिल्लामा प्रकाशित हुने दैनिक पत्रिकामा समेत प्रकाशन गर्न सकिनेछ । यस व्यवस्थाले एकभन्दा बढी उपभोक्ता समितिहरूलाई प्रतिस्पर्धात्मक सिलबन्दी दरभाउपत्र प्रक्रियामार्फत संयुक्त रूपमा सामग्री खरिद व्यवस्थापन गर्न सहयोग पुग्नेछ ।

यदि कुनै विशेष सामग्री स्थानीय वा क्षेत्रीय बजारमा उपलब्ध नभई राष्ट्रिय स्तरमा खरिद गर्नुपर्ने अवस्था भएमा, यस कार्यविधिमा उल्लेख गरिएको सोही प्रक्रिया अवलम्बन गरी राष्ट्रिय स्तरको सूचना वा अनलाइन पोर्टलहरूमा सूचना प्रकाशन गर्नुपर्नेछ । यसले एकभन्दा बढी उपभोक्ता समितिहरूलाई प्रतिस्पर्धात्मक सिलबन्दी दरभाउपत्र प्रक्रियामार्फत संयुक्त रूपमा सामग्री खरिद व्यवस्थापन गर्न सक्षम बनाउँछ । उपभोक्ता समितिको तर्फबाट सूचना प्रकाशन गर्ने सम्बन्धमा खरिद समितिले गरेको निर्णय स्पष्ट हुनुपर्नेछ ।

सूचना प्रकाशन गर्दा देहायका कुराहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ (सूचनाको नमूना अनुसूची ३ मा दिइएको छ):

**सूचनामा स्पष्ट रूपमा देहायका विवरणहरू समावेश हुनुपर्नेछः**

- दरभाउपत्र फाराम उपलब्ध हुने स्थान तथा सोका लागि शुल्क लाग्ने वा नलाग्ने कुरा,
- सिलबन्दी दरभाउपत्र पेश गर्ने तरिका,
- सिलबन्दी दरभाउपत्र बुझाउने स्थान/कार्यालय,
- सिलबन्दी दरभाउपत्र खोलिने मिति, समय र स्थान ।

पहिलो पटक प्रकाशित सूचनाको म्याद कम्तीमा १५ दिन (वा प्रचलित ऐन/नियम अनुसार) हुनुपर्नेछ । यदि उक्त अवधिभित्र कुनै दरभाउपत्र प्राप्त नभएमा वा कम्तीमा ३ वटा दरभाउपत्र प्राप्त नभएमा, सो सम्बन्धमा निर्णय गरी थप ७ दिन (वा प्रचलित ऐन/नियम अनुसार) पुनः सूचना प्रकाशन गर्नुपर्नेछ । दोस्रो पटक प्रकाशित

सूचना अवधिभित्र पनि पर्याप्त दरभाउपत्र प्राप्त नभएमा संयुक्त खरिद समितिको निर्णयअनुसार प्राप्त दरभाउपत्रहरू मध्येबाट मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सकिनेछ । प्रकाशित सूचनाको एक-एक प्रति सम्बन्धित गाउँ/नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला समन्वय समिति तथा अन्य सम्बन्धित सम्बन्धित कार्यालयहरूमा उपलब्ध गराउनुपर्नेछ ।

## ४.४ दरभाउपत्र वितरण तथा संकलन

उपभोक्ता समिति सूचनामा उल्लेख भएबमोजिमका सबै स्थानमा पुगेर दरभाउपत्र वितरण गर्न सम्भव नहुने भएकाले यस कार्यमा परियोजनाले आवश्यक सहयोग उपलब्ध गराउनेछ । यसका लागि परियोजनाले स्थानीय तह तथा परियोजनाको वेबपेजमा सूचना र फारामहरू उपलब्ध गराउनेछ साथै आवश्यकता अनुसार ईमेलमार्फत समेत उपलब्ध गराउन सक्नेछ ।

- कोटेशन फाराम तयार पार्न परियोजनाका प्राविधिक कर्मचारी, स्थानीय तह परियोजना कार्यान्वयन एकाईका विधिक कर्मचारी वा स्थानीय तहका कर्मचारीहरूले सहयोग गर्नुपर्नेछ ।
- खरिद समितिले दरभाउपत्र तयार गरी सबै पानामा खरिद समिति संयोजक (अध्यक्ष)को हस्ताक्षर तथा समितिको छाप लगाई दरभाउपत्र वितरण तथा संकलनका लागि तोकिएको कार्यालयमा पठाउनुपर्नेछ । दरभाउपत्रको नमूना **अनुसूची** ४ मा दिइएको छ । दरभाउपत्रसँगै सामग्री आपूर्तिसम्बन्धी पालना गर्नुपर्ने शर्तहरू तथा प्रमुख सामग्रीहरूको मापदण्ड (स्पेसिफिकेशन) समेत संलग्न गर्नुपर्नेछ ।
- खरिद समितिले निर्धारण गरेबमोजिमको (फिर्ता नहुने) शुल्क बुझाएर मात्र इच्छुक आपूर्तिकर्ताहरूले दरभाउपत्र दाखिला गर्नुपर्नेछ । यस्तो शुल्क रु. २० लाख वा सोभन्दा कम कुल खरिदको हकमा प्रति दरभाउपत्र रु. १००० (एक हजार मात्र) र रु. २० लाख भन्दा माथि २ करोड सम्मको खरिदका लागि प्रति दरभाउपत्र रु. ३००० (तीन हजार मात्र) लाग्नेछ । उक्त व्यवस्था सूचनामै स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।
- इच्छुक सप्लायरहरूले दरभाउपत्र फारामको शुल्क सम्बन्धित स्थानीय तह कार्यपालिकाको कार्यालयको तोकिएको खातामा जम्मा गरी सोको बैंक भौचर वा प्रमाण सिलबन्दी दरभाउपत्रसँग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ । शुल्क बुझाएको प्रमाण सङ्लग्न नभएमा उक्त दरभाउपत्र मूल्याङ्कन गरिने छैन ।
- सप्लायरले निर्माण सामग्री ढुवानी गरी प्राविधिक परीक्षण सम्पन्न भएपछि मात्र भुक्तानी दिइने भएकाले यस प्रयोजनका लागि धरौटी वा बैंक जमानत आवश्यक पर्नेछैन ।
- उपभोक्ता समितिले दरभाउपत्र वितरणका लागि सम्वन्धित स्थानीय तहको परियोजना कार्यान्वयन एकाई, परियोजनाको सम्वन्धित क्लस्टर प्राविधिक सहयोग एकाई, परियोजना सहयोग एकाई सुर्खेत वा परियोजना सम्पर्क कार्यालय विकास व्यवस्थापन संस्था (डी.एम.आई), काठमाडौं मार्फत समेत वितरण गर्न सक्नेछ । इच्छुक सप्लायरहरूले आफ्नो दरभाउपत्र तयार गर्न सम्बन्धित स्थानीय तह परियोजना कार्यान्वयन एकाईलाई ईमेलमार्फत पनि अनुरोध गर्न सक्नेछन् । तर सिलबन्दी दरभाउपत्र पेश गर्दा सूचनामा उल्लेख भएबमोजिम आधिकारिक छाप र हस्ताक्षरसहितका दरभाउपत्र फारामका प्रतिहरु मात्र पेश गर्नुपर्नेछ ।

• सिलबन्दी दरभाउपत्रहरू सम्बन्धित स्थानीय तह कार्यपालिकाको कार्यालय, परियोजना क्लस्टर प्राविधिक सहयोग एकाई, परियोजना सहयोग एकाई सुर्खेत वा परियोजना सम्पर्क कार्यालय विकास व्यवस्थापन संस्था (डी.एम.आई), काठमाडौंमा तोकिएको मिति र समयभित्र सूचनामा उल्लेख गरिएबमोजिम दरभाउपत्र शुल्क भुक्तानी गरेको बैंक भौचर वा स्थानीय तहको तोकिएको बैङ्क खातामा शुल्क रकम जम्मा गरेको प्रमाण तथा स्व-घोषणा पत्रसहित पेश गर्नुपर्नेछ ।

• परियोजनाले दरभाउपत्रको सुरक्षित सङ्कलन, दर्ता तथा सम्बन्धित खरिद समितिलाई हस्तान्तरण गर्न आवश्यक सहयोग उपलब्ध गराउनेछ । खरिद समितिले पूर्वनिर्धारित मिति र समयअनुसार सिलबन्दी दरभाउपत्रहरू प्राप्त गरी तोकिएको समयसीमाभित्र सम्बन्धित स्थानीय तह कार्यपालिकाको कार्यालयमा दाखिला भएको सुनिश्चित गर्नुपर्नेछ ।

## ४.५ दरभाउपत्र मूल्याङ्कन तथा सप्लायर छनौट

संकलन भएका सबै दरभाउपत्रहरू सूचनामा उल्लेख गरिएको मिति, समय र स्थानमा सम्बन्धित खरिद समिति, सम्वन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत वा प्रतिनिधि, लेखा शाखाका प्रतिनिधि तथा पूर्वाधार विकास शाखाका प्रतिनिधि, सम्वन्धित क्लस्टर प्राविधिक सहयोग एकाईका प्रतिनिधि (प्राविधिक सहायता सल्लाहकार वा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ वा प्राविधिक अधिकृत), इच्छुक दरभाउपत्र पेश गर्ने सप्लायरका प्रतिनिधि तथा परियोजना कार्यान्वयन गर्ने स्थानीय तह एकाईका कर्मचारीहरूको रोहवरमा खोलिनेछ ।

दरभाउपत्र मूल्याङ्कनका लागि सम्बन्धित योजनाका खरिद समिति प्रतिनिधि एक जना, परियोजना प्रतिनिधि एक जना तथा स्थानीय तहको आर्थिक प्रशासन शाखा र पूर्वाधार विकास शाखाबाट कम्तीमा एक/एक जना प्रतिनिधि रहने गरी मूल्याङ्कन समिति गठन गरिनेछ । सोही दिन बैठक बसी तुलनात्मक तालिका तयार गर्ने प्रक्रिया अघि बढाइनेछ ।

दरभाउपत्र मूल्याङ्कन लगायतका आवश्यक सम्पूर्ण खर्च दरभाउपत्र बिक्रीबाट संकलित रकम वा सम्बन्धित उपभोक्ता समितिहरूको उपभोक्ता समिति व्यवस्थापन खर्चबाट व्यबस्थापन गर्नुपर्नेछ । उल्लेखित स्रोतहरूबाट बजेट अपुग भएमा आवश्यकतानुसार उक्त खर्च स्थानीय तहको प्राकृतिक स्रोत विकास कोषबाट समेत व्यहोर्न सकिनेछ । सबैभन्दा कम मूल्य कबोल गर्ने तथा तोकिएका शर्त पूरा गर्ने सप्लायर छनौट गर्ने निर्णयका लागि उपभोक्ता समितिलाई सिफारिस गरिनेछ ।

दरभाउपत्र मूल्याङ्कन गर्दा देहायका कुराहरूमा विशेष ध्यान दिनुपर्नेछः

- सप्लायरले दरभाउपत्र पेश गर्दा लिखित निवेदनसहित **मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि**, **फर्म दर्ता वा नवीकरण प्रमाणपत्रको प्रतिलिपि**, अघिल्लो आर्थिक वर्षको **कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि**, तोकिएको **दस्तुर बुझाएको बैंक भौचर** वा प्रमाण तथा विगतमा यस परियोजना अन्तर्गत आपूर्तिकर्ताका रूपमा कार्य गर्दा सम्झौता उल्लङ्घन नगरेको, समयमा सामग्री आपूर्ति गरेको, न्यून गुणस्तरका सामग्री आपूर्ति नगरेको र अन्य शर्तहरू पालना गरेको सम्बन्धी **स्वघोषणा पत्र** अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । उल्लेखित कागजातहरू संलग्न नभएको दरभाउपत्र मूल्याङ्कनका लागि अयोग्य ठहरिनेछ । स्वघोषणा पत्रको नमुना **अनुसूची १०** मा दिइएको छ ।

- सप्लायरले दररेट अंक र अक्षर दुवैमा स्पष्ट रूपमा भर्नुपर्नेछ र दरभाउपत्रका सबै पानामा अनिवार्य रूपमा छाप तथा हस्ताक्षर भएको हुनुपर्नेछ । अंक र अक्षरबीच फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- प्राप्त सिलबन्दी दरभाउपत्रहरू खोल्ने समयमा उपस्थित सबै व्यक्तिहरूले खोल्नुअघि सिलबन्दी खाममा हस्ताक्षर गर्नेछन् । सप्लायर वा उनका प्रतिनिधि उपस्थित हुन सक्नेछन् तर अनुपस्थित भए पनि दरभाउपत्र खोल्ने प्रक्रियामा बाधा पुग्नेछैन ।
- खोलिएका दरभाउपत्रमा कुनै केरमेट वा संशोधन भएमा प्रचलित खरिद नियम तथा अभ्यासअनुसार रजिष्टरमा मुचुल्का तयार गरी अभिलेख गर्नुपर्नेछ ।
- खरिद समितिले दरभाउपत्र खोल्ने समयमा नै मूल्याङ्कन समिति गठन गर्नेछ । मूल्याङ्कन समितिले प्राप्त दरभाउपत्रहरू **अनुसूची ५** मा दिइएको ढाँचाअनुसार तुलनात्मक तालिका तयार गर्नेछ । यदि दरभाउपत्रमा कबोल गरेका मध्ये सबैभन्दा कम कबोल अङ्कको दररेट पनि स्वीकृत डिजाइन तथा अनुमानित लागत भन्दा बढी भएमा खरिद समितिले सम्बन्धित सप्लायरसँग वार्ता गरी दर स्वीकृत सीमाभित्र ल्याउन सक्नेछ ।
- मूल्याङ्कन टोली र खरिद समितिको सिफारिसको आधारमा उपभोक्ता समितिले उपयुक्त सप्लायर वा उत्पादक छनोट गर्नेछ । खरिद समितिले **अनुसूची** ६ अनुसार छनोट गरिएको सप्लायरलाई ३ दिनभित्र जानकारी गराउनेछ ।

खरिद प्रक्रियाका सबै चरणहरू स्पष्ट हुने गरी गरिएका निर्णयहरूको माइन्युट तथा दरभाउपत्र दर्ता अभिलेखहरू उपभोक्ता समिति वा खरिद समितिको बैठक पुस्तिकामा व्यवस्थित रूपमा राख्नुपर्नेछ । सो माइन्युट उपभोक्ता समितिले खरिदसम्बन्धी निर्णय गर्ने समयमा तथा योजनाको सार्वजनिक परीक्षणका क्रममा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ ।

## ४.६ खरिद सम्झौता

- संयुक्त खरिद समितिमा आवद्ध प्रत्येक उपभोक्ता समितिहरूले गरेको निर्णय र स्वीकृत दररेटका आधारमा सामग्री आपूर्तिका लागि छनोट भएको सप्लायर वा उत्पादकसँग तोकिएको ढाँचामा छुट्टाछुट्टै सम्झौता गर्नेछन् । यस्तो सम्झौता दरभाउपत्र स्वीकृत भएको सूचना दिएको **सात दिनभित्र** सम्पन्न गरिसक्नुपर्नेछ ।
- सम्झौता पत्रमा सूचनामा तथा दरभाउपत्र फाराममा उल्लेख गरिएका सम्पूर्ण शर्तहरू समावेश गरिनेछ । खरिद गरिने सम्पूर्ण सामग्रीहरूको गुणस्तर तथा परिमाण दरभाउपत्र फाराममा संलग्न प्राविधिक मापदण्डअनुसार रहेको सुनिश्चितता पालिका परियोजना कार्यान्वयन एकाइका कर्मचारी, गाउँपालिका/नगरपालिकाको पूर्वाधार विकास शाखा तथा परियोजनाले गर्नेछ । सम्झौता तथा सामग्री बुझ्ने नमूना फाराम **अनुसूची** ७ मा दिइएको छ ।
- उपभोक्ता समितिले सप्लायरको दरभाउपत्र स्वीकृत गरी सम्झौता प्रक्रिया सम्पन्न गरेपछि परियोजना व्यवस्थापन समितिले प्राकृतिक स्रोत विकास कोषबाट पहिलो किस्ता (परियोजना कार्यान्वयन निर्देशिका, २०८२ बमोजिम सम्झौताको कुल रकमको बढीमा ५०% सम्म) उपभोक्ता समितिको खातामा भुक्तानी दिनेछ ।

- उपभोक्ता समितिले दरभाउपत्र स्वीकृत भएको सप्लायरलाई लिखित रूपमा जानकारी गराई दुवै पक्षको सहमतिमा सम्झौताका शर्तहरू स्पष्ट रूपमा उल्लेख गर्दै, सामग्री कहिलेसम्म र कहाँ (स्थानसम्म) आपूर्ति गर्नुपर्ने हो सो मिति र स्थान समेत उल्लेख गरी सम्झौता गर्नेछन् । सम्झौतामा दुवै पक्षको छाप तथा हस्ताक्षर गरी एक प्रति सप्लायरलाई, एक प्रति उपभोक्ता समितिलाई र एक प्रति प्रतिलिपि स्थानीय तह परियोजना कार्यान्वयन एकाईमा पेश गर्नुपर्नेछ ।
- स्वीकृत दरभाउपत्रको मान्य अवधि उपभोक्ता समिति र सप्लायर वा उत्पादकबीच आपसी सहमतिमा निर्धारण गरिनेछ ।
- सम्झौता सम्पन्न भएपछि उपभोक्ता समितिले सप्लायरलाई लिखित कार्यदिश दिनुपर्नेछ । यस्तो कार्यदिश सामान्यतः सम्झौता भएको **तीन दिनभित्र** जारी गरिसक्नुपर्नेछ (नमूना **अनुसूची ८** मा दिइएको छ) ।

## ४.७ सामग्री आपूर्ति तथा भुक्तानी

- सम्झौतामा तोकिएको म्याद भित्र सप्लायरले सामग्री ढुवानी गरिदिनुपर्नेछ ।
- योजनामा तोकिएको सम्बन्धित प्राविधिक वा साइटमा परियोजनाले खटिएको कर्मचारीहरुबाट सामग्रीको परिमाण, गुणस्तर र बिलमा उल्लेखित स्वीकृत सामानको दर तोकिएको स्थानमा (ट्रक पुग्ने योजनास्थलवाट नजीकको स्थान) चेकजाँच गरी बुझेको प्रतिवेदन पालिका परियोजना कार्यान्वयन एकाइमा पेश गर्नुपर्नेछ (नमूना **अनुसूची -९** मा उल्लेख रहेको) ।
- सबै सामग्री चेकजाँच भै खरिद समिति र प्राविधिकले प्रतिवेदन पेश नगरी उपभोक्ता समितिले भुक्तानी दिनेछैन । ढुवानी नभएको सामाग्रीको सामानको भुक्तानी कुनै पनि हालतमा गरिनेछैन र यदि यस्तो रकम भुक्तानी गरी अनुचित हानी नोक्सानी र विसंगति उत्पन्न हुने अवस्थामा समुदाय, स्थानीय सरकार र परियोजनालाई अस्वीकार्य हुने कुनै पनि भुक्तानी उपभोक्ता समितिले फिर्ता गर्न पूर्ण जिम्मेवारी हुनु पर्दछ।
- यदि चेकजाँचको क्रममा कुनै सामग्री निर्धारित गुणस्तर अनुसार नपाइएमा फिर्ता लैजाने र गुणस्तरीय सामग्री सोही स्थानमा पुनः ल्याइदिने जिम्मेवारी सप्लायरको हुनेछ । उपभोक्ता समितिले कुनै पनि अतिरिक्त ढुवानी खर्च भुक्तानी गर्ने छैन।
- सम्बन्धित प्राविधिकबाट सबै सामग्रीहरु दुरुस्त अवस्थामा प्राप्त भएको प्रतिवेदन प्राप्त भएपछि उपभोक्ता समितिले सप्लायरलाई रकम भुक्तानीको प्रक्रिया अगाडि बढाउनेछ र सबै भुक्तानीहरु एकाउन्ट पेयी चेकबाट मात्र भुक्तानी दिइनेछ ।
- उपभोक्ता समितिले सामग्रीहरु ढुवानी भईसकेपछि प्राप्त बिल र सामग्रीको आधारमा प्राप्त मिति समेत उल्लेख गरी खर्च भएर जाने सामानहरु, खर्च भएर जाने जिन्सी खातामा र खर्च भएर नजाने सामानहरु, खर्च भएर नजाने जिन्सी खातामा चढाउनुपर्दछ ।

# ५ बोलपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने प्रकृया

उपभोक्ता समितिले आफुले निर्माण सामग्री खरिद गर्न नसक्ने भएमा आमभेलावाट निर्णय गराई निर्माण सामग्री खरिद कार्यमा सहयोग गरिदिन स्थानिय तह परियोजना व्यवस्थापन समितिलाई लिखित अनुरोध गर्नेछ । यो पद्धति अपनाउदा समेत एक पटकमा कम्तिमा तीनवटा उपभोक्ता समितिको खरिद प्रकृया अगाडी बढाइनेछ ।

बजारमा कुनै खास सामग्रीको अभाव भएमा र उपभोक्ता समितिले खरिद गर्न सम्भव नभई यस प्रकृया बमोजिम सहयोग गर्न आमभेलाको निर्णय सहित अनुरोध भई आएमा समेत परियोजना व्यवस्थापन समितिले कुनै खास सामग्रीको लागि यो प्रकृया अपनाउन सक्नेछ । यस्तो अनुरोध बमोजिम परियोजना व्यवस्थापन समितिले उपभोक्ता समितिका प्रतिनिधि सहितको खरिद समिति गठन गरी बोलपत्र मार्फत निर्माण सामग्री खरिद गरी उपभोक्ता समितिलाई उपलव्ध गराउनेछ । परियोजना व्यवस्थापन समितिको सिफारिसमा उपभोक्ता समितिले सप्लायरलाई भुक्तानी गर्नेछ । यसको प्रकृया निम्न वमोजिम हुनेछ ।

परियोजना व्यवस्थापन समितिले सामग्री खरिदको लागि निम्नअनुसारको संयुक्त व्यवस्थापन पद्धति स्थापना गर्नेछ ।

१.परियोजना व्यवस्थापन समितिले पुर्वाधार विकास शाखाको प्रमुख, परियोजनाको प्राविधिक सहायता सल्लाहकार, आर्थिक प्रशासन प्रमुख, स्थानीय तह कानूनी सल्लाहकार (यदि भएमा) सम्मिलित खरिद समिति गठन गर्नेछ । परियोजना व्यवस्थापन समितिले आवश्यक ठानेमा थप सदस्य समेत समितिमा मनोनयन गर्नेछ । खरिद समिति उपभोक्ता समितिको प्रतिनिधिको नेतृत्वमा हुनेछ ।

२. सम्पूर्ण खरिद प्रक्रिया उपभोक्ता समितिको नाममा सञ्चालन गरिनेछ।

३. नेपाल सरकारको विध्यमान सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम खरिद प्रकृयाको निर्णय परियोजना व्यवस्थापन समितिले गर्नेछ ।

४. बोलपत्रको लागि आवश्यक पर्ने सबै कागजातहरूको तयारी परियोजना प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत बिज्ञ/प्राविधिक अधिकृतको सहयोगमा स्थानीय तह परियोजना कार्यान्वयन एकाईका प्रविधिक कर्मचारीले गर्नेछन् ।

५. खरिद समितिले प्राप्त भएका बोलपत्र दस्तावेजहरूलाई पुनरावलोकन तथा आवश्यक सिफारिसका लागि पुर्वाधार विकास शाखा प्रमुखको नेतृत्वको प्राविधिक समितिलाइ तोक्नु पर्नेछ।

६. खरिद समितिले बोलपत्रको मूल्याङ्कन गर्नेछ र बोलपत्रदाताहरूको छनौट सम्बन्धी अन्तिम निर्णय उपभोक्ता समितिले गर्नेछ ।

७. परियोजना प्राविधिक सहायता कर्मचारी तथा स्थानीय तह परियोजना कार्यान्वयन एकाईका प्राविधिक कर्मचारी र पुर्वाधार विकास शाखाले खरिद समितिको तर्फबाट सम्झौता पत्रहरू तयार गर्नेछन् र सो सम्झौतामा उपभोक्ता समितिले हस्ताक्षर गर्नेछ । पुर्वाधार विकास शाखाका प्रमुख र प्राविधिक सहायता सल्लाहकारले साक्षीको रुपमा हस्ताक्षर गर्नेछन् ।

८. परियोजना व्यवस्थापन समितिले खरिद गरिएका सामग्रीहरूको गुणस्तर सुनिश्चित गर्नको लागि आवश्यक पद्धति अपनाउनेछ ।

९. पुर्वाधार विकास शाखाका प्रमुख र स्थानिय तह स्थित पालिका परियोजना कार्यान्वयन एकाई तथा प्राविधिक सहायता प्राविधिक कर्मचारीले सामग्रीहरूको चेकजाँच गरी भुक्तानीको लागि परियोजना व्यवस्थापन समितिलाई सिफारिस गर्नेछन् र परियोजना व्यवस्थापन समितिले उपभोक्ता समितिलाई भुक्तानीको लागि सिफारिस गर्नेछ ।

१०.उपभोक्ता समितिहरुले परियोजना व्यवस्थापन समितिको सिफारिस अनुसार उपभोक्ताहरूको आम भेलाबाट पारित गरी भुक्तानी निर्णय गर्नेछ । सोहि अनुसार भुक्तानी एकाउन्ट पेयी चेकबाट दिनेछ ।

# अनुसूची १. उपभोक्ता समिति खरिद तथा आर्थिक व्यवस्थापन अभिमुखीकरण

**तालिम अवधिः** १ दिन

**सहभागीहरुः** उपभोक्ता समितिका सबै सदस्यहरु, अनुगमन समितिको संयोजक र सम्बन्धित वडाका प्रविधिक कर्मचारीहरु

**तालिमको समयः** मस्यौदा डिजाइन प्रतिवेदन तयार भएपछि (चरणवद्ध कार्यविधि खुट्किला अनुसार)

**स्रोत व्यक्तिहरूः** स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरू

**आयोजकः** सम्बन्धित परियोजना कार्यान्वयन एकाई

**तालिमको उद्देश्यः**

- उपभोक्ता समितिले गर्ने खरिद प्रक्रियाको वारेमा विस्तृत जानकारी गराउने,
- निर्माण सामग्री, पाइप, औजार, कामदार र जनश्रमको अभिलेख र यसको महत्व वारेमा जानकारी गराउने
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई निर्माण सामग्रीहरुको गुणस्तरको बारेमा सचेत बनाउने

**तालिमका विषयवस्तुहरु**

| दिन | विषयवस्तुहरू | समय | क्रियाकलाप र प्रयोग गरिने सामग्रीहरू |
|---|---|---|---|
| पहिलो दिन | पहिलो सत्रः<br>• परिचय<br>• तालिमको उद्देश्य<br><u>कोष प्रवाह प्रणाली</u><br>• लगानी बाँडफाँड, स्थानीय तह र उपभोक्ताहरुको लगानी<br><u>उ.स खातामा रकम निकासा प्रक्रिया</u><br>• सम्झौताको सर्त र अवस्थावारे छलफल<br>• किस्ता निकासा र भुक्तानी प्रक्रिया<br>• आवश्यक विल भरपाई कागजपत्रवारे जानकारी<br>• लगानी (निर्माण सामग्रीमा)<br>• मर्मत सम्भार कोष<br><u>निर्माण सामग्री खरिद प्रकृया</u> | ३० मिनेट<br>४५ मिनेट<br>९० मिनेट | खेल<br>कोष प्रभाव चार्ट<br>लगानी वाडँफाँड चार्ट<br>सम्झौता पत्रको नमुना |

| दिन | विषयवस्तुहरू | समय | क्रियाकलाप र प्रयोग गरिने सामग्रीहरू |
|---|---|---|---|
| | • खरिद प्रक्रिया<br>• दरभाउ (कोटेसन) प्रक्रिया<br>• वजार दररेट विश्लेषण (तुलनात्मक चार्ट)<br>• लेखा परीक्षण प्रक्रिया | | |
| | <u>सामग्रीको गुणस्तर र नजिकको वजार</u><br>• गुणस्तर चिन्हहरु (NS) पाइप, फिटिङ्गस, औजार, सिमेन्ट,छड वारे विस्तृत जानकारी<br>• बालुवा, गिट्टी, ढुङ्गा, काठ, बाँस आदिको गुणस्तर<br>• उत्पादन कम्पनी, व्राण्ड, नजिकको वजार, ढुवानी सेवा | ९० मिनेट | मर्मत सम्भार निर्देशिका-मर्मत सम्भार कार्यविधि<br>खरिद निर्देशिका<br>निर्माण सामग्रीहरुको चित्र सहितको किताव (औजार, फिटिङ्गस,पाइप) |
| | <u>योजनाको लागत र अभिलेख</u><br>• निर्माण सामग्री, ढुवानी, दक्ष, अर्धदक्ष ज्यामीको लागत अनुमान<br>• जिल्ला दररेट<br>• अधिकतम वजेट र आम्दानीको श्रोत<br>• वैक खाता | ४५ मिनेट | बजार सामग्री उत्पादन कम्पनी र व्राण्डको नामावली विवरण<br>उ.स. कार्यसञ्चालन निर्देशिका |
| | • आम्दानी र खर्च खाता<br>• खर्च भएर जाने जिन्सी खाता<br>• खर्च भएर नजाने जिन्सी खाता<br>• माग फारम, स्टोर दाखिला<br>समापन | ६० मिनेट | सामग्रीहरूको गुणस्तर नापतौलको विवरण (स्पेसिफिकेसन) |

# अनुसूची २. उपभोक्ता समिति व्यवस्थापन तालिमको विषयवस्तु

**तालिम अवधिः** ३ दिन

**सहभागीहरुः** उपभोक्ता समितिका पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष) र खरिद समितिका सदस्यहरु, योजना सञ्चालित वडाका प्राविधिक वा प्रतिनिधि, गा पा वा न पाका अनुगमन समितिका सदस्यहरु मध्येबाट १ जना

**तालिमको समयः** कार्यान्वयन चरणको सम्झौता भए लगत्तै (चरणवद्ध कार्यविधि खुट्किला)

**स्रोत व्यक्तिहरुः** प्राविधिक सहयोग सल्लाहकार/प्राकृतिक स्रोत विज्ञ, परियोजना अधिकृत, प्राविधिक अधिकृत, पुर्वाधार विकास शाखाका प्रमुख, गापा वा नपाका लेखा शाखाका प्रमुख,

**आयोजकः** पालिका परियोजना कार्यान्वयन इकाई

**तालिमको उद्देश्यः**

- खरिद प्रक्रिया र यस सम्बन्धी कागजातहरुको व्यवस्थापन गर्न उपभोक्ता समितिलाई सक्षम बनाउने
- निर्माण सामग्रीको गुणस्तर पहिचान एवम् निर्माण सामग्री, पाइप, औजार, कामदार र जनश्रमको अभिलेख राख्न सक्ने बनाउने,
- योजनामा कायम गर्नुपर्ने पारदर्शिता तथा निर्णय प्रकृयाको वारेमा सक्षम बनाउने,
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई निर्माण सामग्रीहरुको गुणस्तरको बारेमा सचेत बनाउने

## तालिमका विषयवस्तुहरू

| दिन | विषयवस्तुहरू | समय | क्रियाकलाप र प्रयोग गरिने सामग्रीहरू दस्तावेजहरू |
|---|---|---|---|
| पहिलो दिन | पहिलो सत्रः<br>• परिचय<br>• तालिमको उद्देश्य<br>• तालिम पूर्वको परिक्षा<br>• परियोजनाको परिचय, कोष प्रवाह पद्धति, लगानीको बाँडफाँड | ९० मिनेट | खेल<br>प्रस्तुतिकरण<br>लिखित परिक्षा<br>कोष प्रवाह चार्ट<br>लगानी बाँडफाँड चार्ट |
| | दोस्रो सत्रः<br>• उपभोक्ता समितिको खातामा रकम निकासा प्रकृया<br>• सम्झौताका प्रावधानहरु | | प्रस्तुतीकरण<br>गापा वा नपा र उ.स. वीचको सम्झौता पत्र |

| दिन | विषयवस्तुहरू | समय | क्रियाकलाप र प्रयोग गरिने सामग्रीहरू दस्तावेजहरू |
|---|---|---|---|
| | • उपभोक्ता समितिले राख्नुपर्ने आवश्यक कागजातहरु | ९० मिनेट | कागजातहरुको नमूना |
| | तेस्रो सत्रः<br>• बाह्य निर्माण सामग्री खरिद प्रकृया<br>• उपभोक्ता समिति, खरिद समिति, अनुगमन समिति र अन्य साझेदारहरुको भूमिका र जिम्मेवारी | ९० मिनेट | परियोजनाको खरिद कार्यविधि, खरिद कार्यको चरणवद्ध तालिका<br>उ.स. कार्यसञ्चालन सहयोगी पुस्तिका |
| | चौथो सत्रः<br>• बाह्य निर्माण सामग्रीहरुको गुणस्तर र स्पेशिफिकेशन<br>• स्थानीय सामग्रीहरुको गुणस्तर<br>• निर्माणको मापदण्ड (पाइपलाइन, संरचनाहरु आदि) | १२० मिनेट | योजनाको डिजाइन प्रतिवेदन<br>खानेपानी तथा अन्य आयोजनामा प्रयोग हुने पाइप, फिटिङ्गस्, औजार तथा निर्माण सामग्रीको सचित्र परिचय पुस्तिका, |
| दोस्रो दिन | पहिलो सत्रः<br>• अघिल्लो दिनको पुनरावलोकन<br>• बाह्य निर्माण सामग्रीहरुको गुणस्तर अवलोकन | ९० मिनेट | कुनै बाह्य निर्माण सामग्रीको सप्लायरसंग समन्वय गरी बाह्य निर्माण सामग्रीहरुको गुणस्तर पहिचान गराउने |
| | दोस्रो सत्रः<br>• योजनाको लागत तथा अभिलेख<br>• ल.ई.को विभिन्न शिर्षकहरुको लागत तथा खर्च गर्ने प्रकृया र सीमा | ९० मिनेट | योजनाको डिजाइन प्रतिवेदन<br>विभिन्न फारमहरु |
| | तेस्रो सत्रः<br>• सार्वजनिक परिक्षण, योजना जानकारी बोर्ड, प्रकृया सहभागिता, विषयवस्तुहरु)<br>• उपभोक्ता समितिले राख्नुपर्ने लेखा र फारमहरुको परिचय | ९० मिनेट | नमूना फारमहरु<br>योजना बोर्डको चित्र<br>उपभोक्ता समिति कार्यसञ्चालन सहयोगी पुस्तिका |

| दिन | विषयवस्तुहरू | समय | क्रियाकलाप र प्रयोग गरिने सामग्रीहरू दस्तावेजहरू |
|---|---|---|---|
| | चौथो सत्रः<br>• उपभोक्ता समितिले राख्नुपर्ने लेखा र फारमहरुको परिचय (खरिद र अभिलेख सम्बन्धि)<br>• निर्माण सामग्री, ढुवानी, दक्ष अर्धदक्ष ज्यामीको लगत राख्ने,<br>• जिल्ला दररेट, अधिकतम बजेट र आम्दानीको स्रोत<br>• भरपाईहरुको नमूना<br>• आम्दानी र खर्च खाता<br>• खर्च भएर जाने जिन्सी खाता<br>• खर्च भएर नजाने जिन्सी खाता<br>• माग फारम, स्टोर दाखिला | १२० मिनेट | मर्मत सम्भार निर्देशिका-मर्मत सम्भार कार्यविधि<br>खरिद कार्यविधि<br>उ.स कार्यसञ्चालन सहयोगी पुस्तिका<br>खाता र भरपाइको नमूना |
| तेस्रो दिन | पहिलो देखि तेस्रो सत्रसम्म<br>• खरिद सम्बन्धि फारम र खाता भर्ने अभ्यास<br>• दोस्रो दिनको चौथो सत्रमा व्याख्या भएका सबै अभिलेख फारमहरु भर्ने अभ्यास<br>• नमुना समाग्री प्रर्दशनी तथा गुणस्तर पहिचान अभ्यास | २७० मिनेट | फारामहरुको आधारमा समूहगत रुपमा काल्पनिक अवस्थाको आधारमा व्यवहारिक अभ्यास |
| | अन्तिम सत्र<br>• स्पष्ट हुन नसकेका विषयमा अन्तरक्रिया<br>• तालिम पश्चातको मूल्याङ्कन<br>• समापन | १२० मिनेट | छलफल<br>लिखित परिक्षा<br>तालिम समापन |

## अनुसूची ३. उपभोक्ता समितिहरुले पत्रिकामा प्रकाशित गर्ने सूचनाको नमूना

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः ----/--/--**

गाउँपालिका/नगरपालिका जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना,---------- गाउँपालिका/नगरपालिका, ----- गाउँपालिका/नगरपालिकामा सञ्चालित तपसिलका --------- योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री (सिमेन्ट, पाइप, फिटीङ्गस्, औजार ..........) खरिद गरी [........रोड हेड] स्थानमा ढुवानी गर्नु पर्ने भएकोले संयुक्त खरिद समिति खुल्ला आव्हान गर्दछ । तसर्थ, निम्न सर्तहरू अन्तर्गत रहि दरभाउपत्र फाराममा प्रदान गरिएको परिमाण तथा तोकिएको स्पेसिफिकेशन गुणस्तर र तौल अनुसार सामग्री आपूर्ति गर्न इच्छुक भ्याटमा दर्ता भएका सप्लायर वा फर्महरूबाट सिलबन्दी दरभाउपत्र माग गरिएको छ ।

**शर्तहरुः**

१. ईच्छुक विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित ..................गाउँपालिका/नगरपालिकाको कार्यालय वा .................. तथा परियोजना www.laccp.org.np र गाउँपालिका/नगरपालिकाको ------------ वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र पेश गर्दा तोकिएको फारम दस्तुर पछि फिर्ता नहुने गरी योजना संचालन हुने गाउँपालिका/नगरपालिकाको ...............................बैंक ............................... नामको खाता न............................. मा जम्मा गरेको सक्कलै भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फारम सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले ....औं दिन (मिति २०८२/--/--) को दिउसो १२:०० बजे भित्र कार्यालय समयभित्र .......................... गाउँपालिका/नगरपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्राविधिक सहयोग एकाई (क्लस्टर कार्यालय) ------, ------ वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा

क) सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।

ख) हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले .... औं दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ([......]) मा ढुवानी भै प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ । यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैक जमानतको आवश्यकता पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले -- औं (----) दिन -------- गाउँपालिका/नगरपालिका, ---------- गाउँपालिका/नगरपालिकाको कार्यालयमा बिहान --- बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका/नगरपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा

निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११. अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिका/नगरपालिकाहरूको सूचना पाटीमा जानकारी गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा ———गाउँपालिका/नगरपालिका वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना क्लस्टर प्राविधिक सहयोग एकाई .................. ...................... मा सम्पर्क गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**

# अनुसूची ४. दरभाउपत्र फारमको नमूना

## सिलबन्दी दरभाउपत्रका थप शर्तहरु

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत यस ......................गाउँपालिका/नगरपालिका ........................... वडाहरुमा सञ्चालन हुने तपसिलमा उल्लेख भएका ................ योजनाहरुको लागि गाउँपालिका/नगरपालिकाबाट स्वीकृत लागत अनुमान बमोजिमका विभिन्न निर्माण सामग्रीहरु, पाइप तथा फिटिङ्गस् एवम् औजारहरु सप्लाई गर्नको लागि मिति २०८.......... मा...................... बाट.................... पत्रिका .......... गाउँपालिका/नगरपालिकाको वेभसाईट, परियोजनाको वेभसाईट www.laccp.org.np मा प्रकाशित सूचना वमोजिम दरभाउपत्र पेश गर्न योग्यता पुगेका इच्छुक दरभाउपत्रदाताहरुलाई सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त सामग्री सप्लाई गर्दा निम्न वमोजिमका प्रावधानहरु रहेको व्यहोरा सूचित गरिन्छ ।

१. सामग्री सप्लाइ गर्दा सप्लायरले ........................... (ट्रक तथा ट्र्याक्टर जाने स्थान, बजार वा स्थानको नाम उल्लेख गर्ने) मा रहेको उपभोक्ता समितिको गोदाम सम्म ढुवानी गर्नुपर्ने भएकोले दररेट उल्लेख गर्दा ढुवानी दर स्पष्टसग वा सामग्रीको दररेटमा जोड्नुपर्ने भएमा सामग्रीको दररेटमा नै ढुवानी हुने भनि उल्लेख गर्नुपर्नेछ । उपभोक्ता समितिवाट अतिरिक्त ढुवानी भाडा भुक्तानी हुनेछैन । उपभोक्ता समितिसँग सम्झौता भएको मितिले ...... (योजनाको आकार ठूलो भएमा आवश्यकता अनुसार तय गर्ने) दिन भित्रमा सवै सामग्री ढुवानी भैसक्नुपर्नेछ ।

२. दरभाउपत्रमा लेख्ने स्थान उपलव्ध गराईएको वाहेक अन्य स्थानमा लेख्न वा तोकिएको स्थान बाहेक अन्य स्थानमा कैफियत जनाई कुनै कुरा लेख्न पाइनेछैन ।

३. सप्लाई गरिएको सामग्रीहरु संलग्न परिमाण, गुणस्तर र तौलको हुनुपर्नेछ । सामग्री ढुवानी गर्नुपूर्व प्राविधिकले सामग्रीको जाँच गर्नेछन् । यदि सामान सप्लाई भैसकेपछि समेत प्राविधिकले जाँच गर्दा स्पेसिफिकेशन तथा गुणस्तर वमोजिम नरहेको पाइएमा उक्त सामान विना कुनै अतिरिक्त शुल्क सप्लायरले फिर्ता लगी स्पेसिफिकेशन बमोजिमको सामग्री सोही स्थानमा उपलब्ध गराउनु पर्नेछ ।

४. सामान सप्लाई गर्नु भन्दा पहिले प्राविधिकवाट सामग्री जाँच भै प्रतिवेदन पेश गरेपछि मात्र उपभोक्ता समितिले सप्लायरलाई प्रमाणित सामानको भुक्तानी चेक मार्फत गर्नेछ । सामग्री खरिद वापत उपभोक्ता समितिले कुनै प्रकारको पेश्की दिने छैन ।

५. सप्लाई गरिने सवै सामानहरु नेपालमा उत्पादितको हकमा नेपाल गुणस्तर NS र भारतमा उत्पादित सामग्रीको हकमा IS चिन्ह अंकित हुनुपर्नेछ । सप्लाई गर्नुपर्ने सामग्रीहरुको स्पेशिफिकेशन यसै साथ संलग्न छ ।

६. सामग्रीको दर अंकित गर्दा नेपाली रुपैयामा अंक र अक्षर दुवैमा विना केरमेट लेख्नुपर्नेछ । अंकमा लेखिएको दर अस्पष्ट भएमा वा अंक र अक्षरमा रकम फरक भएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र पेश गर्ने सप्लायरले खरिद समितिले प्रमाणित गरेको परिमाण सूची (Bill of Quantities) मा मात्र दरभाउ पेश गर्नुपर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

८. सामान सप्लाई गर्दा नियमानुसार लाग्ने सवै करहरु सप्लायरले नै तिर्नुपर्नेछ । रकम भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्रतिशत कर कटाई भुक्तानी गरिनेछ वा सप्लायरले सो रकम वरावर राजश्व कार्यालयमा बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

९. उपभोक्ता समिति उल्लेख गरेको वाहेक सप्लायरले अन्य कुनै शर्तहरु राख्न पाउने छैन ।

१०. दरभाउपत्रको साथमा फर्मको अघिल्लो आ.व. को नविकरण गरिएको दर्ता प्रमाणपत्र, भ्याट दर्ता र अद्यावधिक आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

११. छनौट भएको सप्लायरलाई उपभोक्ता समितिले निर्णय गरेको मितिले **तीन दिन** भित्र सो को जानकारी दिनेछ । जानकारी प्राप्त भएको **सात दिन** भित्र सम्झौता सम्पन्न गर्नु पर्नेछ र सम्झौता भएको **तीन दिन** भित्र समितिले कार्यादेश दिनेछ ।

१२. सप्लायरले सूचना प्रकाशित गर्ने उपभोक्ता समितिहरुसंग अलग अलग सम्झौता गरी सामग्री सप्लाई गर्नेछ र सामग्री सप्लाई भए वमोजिम नै सम्बन्धित समितिवाट अलग अलग भुक्तानी हुनेछ ।

१३. सम्झौता भएको मितिले ........ दिन भित्र सम्पूर्ण सामग्रीहरु तोकिएको स्थानमा सप्लाई गर्न नसकेमा वा सप्लाई हुन नसक्ने अवस्था देखिएमा उपभोक्ता समितिले कुनै पनि क्षतिपूर्ति बिना नै सम्झौता रद्द गर्न सक्नेछ ।

१४. छनौट भएको सप्लायरले सम्झौता गर्न नमानेमा वा सम्झौता भईसकेपछि पनि तोकिएको समयमा सामग्री ढुवानी नगरी योजनाको काममा उल्लेख्य रुपमा ढिलाई भई परियोजनाको प्रगतिमा असर परेमा उपभोक्ता समितिले त्यस्तो सप्लायरलाई कालो सूचीमा राखी भविष्यमा परियोजना अन्तर्गतका कुनै पनि जिल्ला गाउँपालिका/नगरपालिका योजनाहरुमा सिलबन्दी दरभाउपत्र पेश गर्न अयोग्य ठहर गर्न जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाइलाई सिफारिस गर्नेछ ।

(सूचना प्रकाशित गर्ने सवै उपभोक्ता समितिहरुको नाम र ठेगाना र छाप)

१. ......................... उपभोक्ता समिति, ............ गाउँपालिका/नगरपालिका .........

२. ......................... उपभोक्ता समिति, ............ गाउँपालिका/नगरपालिका .........

३. ......................... उपभोक्ता समिति, ............ गाउँपालिका/नगरपालिका .........

४. ......................... उपभोक्ता समिति, ............ गाउँपालिका/नगरपालिका .........

## दरभाउपत्रको नमुना

| क्र.स. | सामग्री विवरण | इकाई | जम्मा आवश्यक परिमाण | | | | इकाई तौल | न्यूनतम स्पेसिफिकेसन | प्रस्तावित ब्राण्ड को नाम | प्रस्तावित दररेट | | जम्मा रकम (ने.रू) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ...... योजना | .... योजना | ...... योजना | जम्मा परिमाण | | | | अंकमा | अक्षरमा | | |
| १ | एच डि पी पाईप | मी. | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| २ | जि आई पाईप | मी. | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| ३ | फिटिङ्गस् तथा भल्ब | वटा | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| ४ | अन्य सामग्री | | | | | | | | | | | | |
| | सिमेन्ट | बोरा | | | | | | | | | | | |
| ५ | औजार/उपकरण | | | | | | | | | | | | |
| सामग्रीको जम्मा तौल (कि.ग्रा.) | | | ...... | ...... | ...... | ...... | ...... | | जम्मा | | | | |
| सामग्री आपुर्ति गर्नु पर्ने रोडहेड | | | | | | | | | भ्याट | | | | |
| प्रस्तावित ढुवानी दररेट प्रति कि.ग्रा. (ने.रू) ....... | | | | | | | | | ढुवानीको जम्मा रकम | | | | |
| | | | | | | | | | कूल जम्मा | | | | |

सप्लायर/फर्मको नाम र हस्ताक्षर :
ठेगाना :
सम्पर्क नम्बर :
आधिकारीक सम्पर्क व्यक्ति र मोबाइल नम्बर :
छाप :

## अनुसूची ५. दरभाउपत्र तुलनात्मक तालिकाको नमूना

मिति २०........... मा .......... पत्रिका र ................वेभपेजमा प्रकाशित सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम तोकिएको मितिभित्र रितपूर्वक पेश हुन आएका दरभाउपत्रहरु मूल्याङ्कन गर्दा निम्न वमोजिम देखिन आएकोले सबैभन्दा कम अंक कबोल गर्ने ............. सप्लायर छनौट हुन मनासिब देखिएकोले सोहि बमोजिम ........ उपभोक्ता समितिहरुलाई निर्णय गर्नको लागि सिफारिस गरिएको छ ।

**<u>तुलनात्मक तालिका</u>**

| क्र.स. | विवरण | लगत ईष्टिमेट | | | | सप्लायरको नाम | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दर | जम्मा | १ | | २ | | ३ | | ४ | | |
| | | | | | | दर | जम्मा | दर | जम्मा | दर | जम्मा | दर | जम्मा | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| -- | | | | | | | | | | | | | | |
| -- | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | |
| ल.ई. भन्दा घटीबढी (रकम रू) | | | | | | | | | | | | | | |
| ल.ई. भन्दा घटीबढी % | | | | | | | | | | | | | | |

माथि उल्लेखित विश्लेषण बमोजिम

सबैभन्दा घटी कबोल गर्ने सप्लायरको नाम.............. कबोल अंक रु..................... अक्षरमा रु. ......

दोस्रो घटी कबोल गर्ने सप्लायरको नाम................... कबोल अंक रु............... अक्षरमा रु. .......

तेस्रो घटी कबोल गर्ने सप्लायरको नाम................. कबोल अंक रु..................... अक्षरमा रु. .......

चौथो घटी कबोल गर्ने सप्लायरको नाम...................कबोल अंक रु..................... अक्षरमा रु. .......

पाँचौ घटी कबोल गर्ने सप्लायरको नाम................. कबोल अंक रु........... अक्षरमा रु. ...........

| | |
|---|---|
| मुल्याङ्कनकर्ताको नामः | मुल्याङ्कनकर्ताको नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |

## अनुसूची ६. दरभाउपत्र स्वीकृत भएको सूचनाको नमुना

**................ योजना उपभोक्ता समिति**

**................**

**गाउँपालिका/नगरपालिका वडा नं.............**

**(जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत सञ्चालित)**

पत्र संख्याः

चलानी नं. मितिः .................

**दरभाउपत्र स्वीकृत भएको सम्बन्धमा**

श्री ...............................

यस उपभोक्ता समिति समेत समावेश भएको मिति ........... को ........ पत्रिका/वेभसाइटमा प्रकाशित सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना वमोजिम तोकिएको मितिभित्र रितपूर्वक पर्न आएका दरभाउपत्र खोली, मूल्याङ्कन गर्दा तहांवाट पेश भएको दरभाउपत्र मिति ........... को उपभोक्ता समितिको बैठकले स्वीकृत गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ ।

सूचनामा उल्लेख भएका शर्तहरु एवम् दरभाउपत्रसाथ उपलव्ध गराइएका प्रावधानहरु भित्र रही यस उपभोक्ता समिति र तहां सप्लायर वीच सामग्री सप्लाई सम्बन्धी सम्झौता गर्नको लागि मिति ........... भित्र ........... (स्थान) मा उपस्थित हुन समेत जानकारी गराइन्छ ।

अध्यक्ष

.............. उपभोक्ता समिति

## अनुसूची ७. सप्लायर र उपभोक्ता समिति बीच गरिने सम्झौता पत्रको नमूना

**................ उपभोक्ता समिति**

**...............गाउँपालिका/नगरपालिका वडा नं.............**

**(जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत सञ्चालित)**

**निर्माण सामग्री, पाइप तथा औजारहरु सप्लाई गर्ने सम्झौतापत्र**

यस .................... खानेपानी तथा सरसफाइ उपभोक्ता समिति (यसपछि समिति भनीने) र यस उपभोक्ता समिति समेत समावेश भएको मिति .......... को ........ पत्रिका/वेभसाइटमा प्रकाशित सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम मिति .......... को उपभोक्ता समितिको निर्णय वमोजिम छनौट भएको श्री ........................ (यसपछि सप्लायर भनीने) बीच निम्न शर्तहरुको अधिनमा रही .................... खानेपानी तथा सरसफाई योजनाको लागि निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस्, औजारहरु सप्लाई गर्नको लागि मञ्जुर भै आज मिति ....................... मा यो सम्झौता गरिएको छ ।

**दुवै पक्षले पालना गर्न मञ्जूर गरिएका शर्तहरुः**

१. संलग्न परिमाण वमोजिमको निर्माण सामग्री, पाइपहरु र औजारहरु ......................... स्थानमा रहेको उपभोक्ता समितिको गोदाममा मिति ............... सम्ममा सप्लाई गरीसक्नुपर्नेछ । निर्धारित समयभित्र सप्लाई नभएमा वा सप्लाई हुन नसक्ने अवस्था देखिएमा उपभोक्ता समितिले कुनै पनि क्षतिपूर्ति बिना नै सम्झौता रद्द गर्न सक्नेछ ।

२. उक्त सामानहरुको ढुवानी लागत सामग्रीको दरभाउपत्रमा उल्लेख भएको .............. स्थानसम्म ढुवानीको जिम्मेवारी सम्बन्धित सप्लायरको हुनेछ र उपभोक्ता समितिले थप कुनै ढुवानी खर्च व्यहोर्ने छैन ।

३. सप्लाई गरिएको सामग्रीहरु दरभाउपत्रमा संलग्न परिमाण, गुणस्तर र तौलको हुनुपर्नेछ । यदि सामान सप्लाई भैसकेपछि प्राविधिकले तोकिएको स्थानमा जाँच गर्दा सो भन्दा वाहेक रहेको पाइएमा सो सामानको मूल्य उपभोक्ता समितिले भुक्तानी दिनेछैन र उक्त सामान विना कुनै अतिरिक्त शुल्क सप्लायरले फिर्ता लगी गुणस्तर वमोजिमको अर्को सामान सोही स्थानमा विना ढिलाइ सप्लाई गर्नु पर्नेछ । सामान ढुवानीको क्रममा कुनै क्षती भएमा सो को जिम्मेवारी सप्लायरको हुनेछ । क्षतीग्रस्त सामान वा विग्रेको सामान उपभोक्ता समितिले बुझ्नेछैन ।

४. सामान सप्लाई भैसकेपछि सम्बन्धित रोडहेडमा प्राविधिक र खरिद समितिवाट सामग्री जाँच भै प्रतिवेदन पेश गरेपछि मात्र उपभोक्ता समितिले सप्लायरलाई प्रमाणित सामानको भुक्तानी चेक मार्फत गर्नेछ ।

५. उपभोक्ता समितिले कुल खरिद मूल्यको १.५% वरावर रकम अग्रीम आयकर वापत कट्टी गरी सप्लायरलाई भुक्तानी गर्नेछ । उक्त रकम राजश्वमा दाखिला भएको रकमको भौचरको प्रतिलिपी पछि सप्लायरलाई उपलव्ध गराइनेछ ।

६. सप्लाई गरिएका सवै सामानहरु नेपालमा उत्पादितको हकमा नेपाल गुणस्तर NS र भारतमा उत्पादितको हकमा IS चिन्ह अंकित हुनुपर्नेछ ।

७. अन्य शर्तहरुको हकमा दरभाउपत्र–बोलपत्र फाराम भर्दा त्यस सप्लायरले मञ्जूर गरेका शर्तहरु र सो मा नभएको हकमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

८. यदि सम्झौतामा हस्ताक्षर भएपछि सहमत सर्त तथा मापदण्ड भन्दा न्यून गुणस्तरको सामग्री आपूर्ति गरेर वा सप्लायरले सामग्री आपूर्तिमा उल्लेखनीय ढिलाइ गरेका कारणले योजना निर्माण सुस्त भइ परियोजनाको प्रगति वा गुणस्तरलाई असर हुने अवस्था देखिएमा अथवा सम्झौताको सर्तहरू उल्लङ्घन भएमा, सप्लायरलाई जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तरगतका कुनै पनि योजनाहरूको लागि भविष्यमा खरिद प्रक्रियाहरूमा प्रतिष्पर्धामा भाग लिन अयोग्य घोषित गरि कालोसूचिमा राखिनेछ। यो अयोग्यता योजना-स्तरीय अनुगमन टोलीको सिफारिस अनुसार, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयन गरिरहेको गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समितिको निर्णयमा आधारित हुनेछ, र परियोजना अन्तर्गत गाउँपालिका/नगरपालिकाका सबै योजनाहरूमा लागू हुनेछ।

९. सम्झौता गर्ने पक्षहरू बीच कुनै समस्या उत्पन्न भएमा, यसलाई लिखित रूपमा आपसी समझदारीबाट समाधान गरिनेछ।

यो सम्झौता दुवै पक्षले एक एक प्रति बुझि लियौं दियौं ।

इति सम्वत् ............. साल ............. महिना ................ गते रोज ............... शुभम् ।

सम्झौता भएको स्थानः .........................

**<u>सप्लायरको तर्फबाट</u>** **<u>उपभोक्ता समितिको तर्फबाट</u>**

सप्लायरको नामः ....... ....... उपभोक्ता समिति

हस्ताक्षर गर्नेको नामः हस्ताक्षर गर्नेको नामः

पदः पदः

मोवाइल न मोवाइल न

हस्ताक्षरः हस्ताक्षरः

छापः छापः

साक्षीः साक्षीः

१. १.

२. २.

**बोधार्थः**

१. श्री आर्थिक प्रशासन शाखा, गाउँकार्यपालिका/नगरकार्यपालिकाको कार्यालय ........................

२. श्री जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना ............ (प्राविधिक सहयोग एकाई)

**संलग्नः**

**१. सप्लायरको स्वीकृत परिमाण सूची (Bill of Quantities)**

## अनुसूची ८. उपभोक्ता समितिले दिने कार्यादेशको नमूना

**................ योजना उपभोक्ता समिति**

**...............गाउँपालिका/नगरपालिका वडा नं.............**

**(जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत सञ्चालित)**

पत्र संख्याः

चलानी नं. मितिः ..............

**विषय : कार्यआदेश दिइएको बारे**

श्री ..............................

तँहा सप्लायर र यस समिति वीच मिति ............................. मा सम्पन्न निर्माण सामग्री, पाइप, फिटिङ्गस् तथा औजारहरु सप्लाई गर्ने सम्झौता भए वमोजिम तोकिएको, परिमाण, साइज, सेरिजको पाइपहरु, फिटीङ्गस् तथा औजार सप्लाई कार्य (स्वीकृत दरभाउपत्रमा उल्लेख भएको स्पेशिफिकेशन तथा शर्त वमोजिम) मिति .......................... भित्र सम्पन्न गर्नुहुन यो कार्यदिश दिइएको छ ।

.......................

(अध्यक्ष)

............. समिति

## अनुसूची ९. उपभोक्ता समितिले सामग्री बुझ्ने फारमको नमूना *(गुणस्तर र परिमाण रुजु समेत)*

**........................... गाउँपालिका/नगरपालिका**

योजनाको नामः

योजनाको ठेगानाः

ढुवानी गरेको स्थानः ढुवानी गर्ने गाडीको नम्वरहरूः

सप्लायरको नामः ढुवानी गर्ने ड्राईभरको नाम र सम्पर्क नं.

ठेगानाः

| क्र.स. | विवरण | इकाई | मापदण्ड इकाई तौल | आवश्यक जम्मा परिमाण (कोटेशन फारमबाट कपी गर्ने) | बुझेको परिमाण | बुझेको इकाई तौल | बुझेको ब्राण्डको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

हस्ताक्षरः हस्ताक्षरः

सामग्री बुझाउदा उपस्थित सप्लायर प्रतिनिधिको नामः उ.स.को तर्फबाट बुझ्ने व्यक्तिको नामः

सम्पर्क नं. पदः

सम्पर्क नं.

छापः छापः

हस्ताक्षरः हस्ताक्षरः

चेकजाँच गर्ने प्रविधिकको नामः खरिद समिति सदस्य नामः

पदः सम्पर्क नं.

सम्पर्क नं.

## अनुसूची १०. आपुर्तिकर्ताले दरभाउपत्र पेश गर्दा पेश गर्नुपर्ने स्वघोषणा-पत्रको नमुना

**च. नं.: ___/____**

पत्र संख्याः _____________ मितिः _________________

**विषयः स्वघोषणा पत्र**

[..............................नाम] खानेपानी तथा सरसफाइ / सिंचाइ / वन / कृषि उपभोक्ता समिति
[... ... ... ... गाउँपालिका / नगरपालिका], वडा नं. [__]
(जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत सन्चालित)

श्री खरिद समितिका अध्यक्षज्यू,

हामी [सप्लायरको नाम], यस पत्रद्वारा स्वघोषणा गर्दछौं कि, जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजना अन्तर्गतः

१. हामीले यस अघि कुनै पनि उपभोक्ता समितिले प्राथमिकताक्रम अनुसार सुचित गरे बमोजिम कहिल्यै पनि पेश गरेको दरभाउपत्र र कबोल अङ्क अनुसार आपुर्ति सम्झौता गर्न वा पेश गरेको दरभाउपत्र अनुसार सामग्री तथा सेवा प्रदान गर्न अस्वीकार गरेका छैनौं।

२. हामीले यस परियोजनाअन्तर्गतका विगतका उपभोक्ता समितिसँग भएका सबै सम्झौतामा सामग्री समयमा नै आपूर्ति गरेका छौं।

३. हामीले विगतका उपभोक्ता समिति सँग गरेका कुनै पनि सम्झौतामा न्यून गुणस्तरका सामग्री आपूर्ति गरेका छैनौं।

४. हामीले विगतमा कुनै पनि उपभोक्ता समिति सँग गरेका सम्झौताको शर्त उल्लङ्घन गरेका छैनौं।

हामीले यस घोषणासँगै तलका कागजातहरू पनि पेश गरेका छौंः

- मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि
- फर्म दर्ता वा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- तोकिएको दस्तुर बुझाएको बैंक भौचर वा प्रमाण

हामी बुझ्छौं कि माथि उल्लेखित कुनै पनि जानकारी गलत वा धोखाधडीपूर्ण पाएमा, हामी कुनै आपत्ति वा दाबी बिना नै बोलपत्र प्रक्रियाबाट अयोग्य घोषित गरिनेछौं।

आधिकारिक व्यक्तिको हस्ताक्षरः ____________________
आधिकारिक व्यक्तिको नामः ____________________
सप्लायरको नाम र ठेगानाः ____________________
छापः ____________________

## उपभोक्ता समितिले ध्यान दिईराख्नु पर्ने कुराहरूः

१. उपभोक्ता समितिले आफुले जिम्मामा लिएको बाह्य सामाग्रीहरु खरिद बाहेक सम्पूर्ण वा आंशिक काम ठेक्कामा लगाउनु हुँदैन । यदि यसरी उपभोक्ता समितिले ठेक्का लगाएको पाइएमा कानून वमोजिम कारवाही हुन्छ ।

२. योजना निर्माणको लागि गाउँकार्यपालिका/नगरकार्यपालिका कार्यालयवाट लिएको किस्ता पेश्की रकम फछ्र्यौट नगरी अर्को किस्ता पेश्की रकम निकासा हुंदैन । अर्को पेश्की लिनको लागि पहिला लिएको पेश्की बरावरको रकमको प्राविधिक मूल्याङ्कन भै कम्तिमा सो रकम बरावरको काम सम्पन्न भएको हुनुपर्दछ ।

३. उपभोक्ता समितिले योजनाको कोषको रकम वा सामग्रीहरु योजना निर्माणको प्रयोजन बाहेक कुनै कर्मचारी, व्यक्ति वा सस्थालाई सापटी दिनुहुदैन । योजनासंग सम्बन्धित कामको लागि पेश्की दिदा समेत भरपाइ गराएर दिनु पर्दछ ।

४. कुनै पनि योजना अर्को आर्थिक वर्षमा क्रमागत भै जाने भएमा आर्थिक वर्षको अन्त्य सम्म (असार २५ गतेभित्र) आफूले लिएको पेश्की रकमवाट भएको कामको फरफारक लिनुपर्दछ । नत्रभने अर्को वर्षमा सरी जाने पेश्की रकम बेरुजू ठहर्छ ।

५. कुनै पनि योजना निर्माणको लागि तोकिएको अवधिमा सम्पन्न हुन नसक्ने उचित कारण सहित निवेदन दिएमा गाउँपालिका/नगरपालिकाले म्याद थपीदिन सक्दछ तर यसरी थपिएको म्यादको अवधि सम्झौता गर्दाका बखतको शुरु अवधि भन्दा बढि अवधिको म्याद कानून विपरित हुन्छ ।

६. उपभोक्ता समितिले निर्माण सामग्री खरिद गर्दा उत्पादक वा सप्लायरसंग अग्रीम आयकर वापत कुल कारोवार रकमको १.५% कट्टा गरी भुक्तानी दिनुपर्दछ । यो रकम अन्तिम किस्ता भुक्तानी दिदा गाउँपालिकाले/नगरपालीकाले उपभोक्ता समितिलाई कटाएर भुक्तानी दिन्छ । सप्लायर वा उत्पादकलाई सो को रसिद आवश्यक भएमा आर्थिक वर्षको अन्त्यमा गाउँपालिकावाट लिन सक्नेछ । यसै गरी साधनवाट ढुवानी गर्दा हरेक ढुवानीको र स्टोर भाडाको कुल भुक्तानी रकमको १०% रकम भाडाकर कट्टा गरी भुक्तानी गर्नुपर्दछ । यो रकम पनि गाउँपालिकाले/नगरपालीकाले उपभोक्ता समितिलाई भुक्तानी दिंदा सो बरावरको रकम कटाएर भुक्तानी गर्दछ ।

७. समितिको निर्णय विना कुनै पदाधिकारीले आफुखुशी काम गरेमा यसवाट हुने हानी नोक्सानी सम्बन्धित व्यक्तिवाट असूल उपर गराउनु पर्दछ । यदि योजनाको रकम हिनामिना भएको ठहर भएमा उपभोक्ता समितिका हरेक सदस्यहरुले दामासाही रुपमा तिर्नुपर्दछ ।

८. खरिद गरी ल्याइएका सम्पूर्ण जिन्सी सामग्रीहरु जिन्सी खातामा चढाएर मात्र खर्च गर्नुपर्दछ साथै खरिद गरिएका सामग्रीहरुको राम्रो संग सुरक्षित भण्डारण गर्नुपर्दछ । यदि कुनैपनि सामग्रीहरु दुरुपयोग भएमा वा हराउन गएमा सो को जिम्मेवारी उपभोक्ता समितिको हुन्छ ।

९. योजना निर्माणका लागि खरिद गरिएका कुनै सामग्रीहरु वढि भएमा आम उपभोक्ताहरुको भेलावाट निर्णय गरि सुरक्षित भण्डारण गर्ने र सो को जानकारी सम्बन्धित कार्यपालीका कार्यालयलाई अनिवार्य रुपमा गराउनु पर्दछ ।